का.जि.प्र.का.द.नं. १००/०५१/५०

२६ साउन २०८०,
शुक्रबार
11 August 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक १९७ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com





एउटा नमिठो अनुभव- संघीय शिक्षा ऐन शुरुमा जस्तो थियो, फर्केर आउँदा कैयौं विषय विल्कुल उल्टो भएर, झन नेगेटिभ भएर आयो भन्ने देखियो। कसले यस्तो गऱ्यो ? कहाँबाट कुन ठाउँबाट यस्तो भयो ? भनेर खोजिरहेका छौं।

■ **प्रचण्ड**, प्रधानमन्त्री

आफैंले पेश गरेको विधेयकमा के छ भन्ने थाहा नपाउने मन्त्री राखेर प्रधानमन्त्रीले निरिहता प्रकट गर्नु आफैंमा लज्जाको विषय हो। प्रशासनिक संयन्त्रले यताउती गऱ्यो होला भन्ने हो भने विधि निर्माणमा मन्त्रीको सहभागिता चाखलाग्दो हुनुपर्छ।

■ **सोमबहादुर थापा**, पूर्वमहासचिव, संसद सचिवालय

# कसले चलाउँछ देश ?

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिरिषदबाट पास भएको संघीय शिक्षा विधेयक फर्केर मन्त्रिपरिषदमा पुग्दा कैयन विषय उल्टिएको गूनासो गरेका छन् ।

'एउटा नमिठो अनुभव- हामीले मन्त्रिपरिषदमा समीक्षा गऱ्यौं । संघीय शिक्षा ऐन सुरुमा जस्तो थियो, फर्केर आउँदा कैयौं विषय त विल्कुल उल्टो भएर, झन नेगेटिभ भएर आयो भन्ने देखियो' बिहीबार मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता कार्यक्रमलाई सम्बोधन गर्दै उनले भने । 'कसले यस्तो गऱ्यो ? कहाँबाट कुन ठाउँबाट यस्तो भयो ?' भनेर खोजिरहेको उनको भनाइ छ ।

कानुन निर्माण प्रक्रियामा संलग्न व्यक्तिहरुतर्फ संकेत गर्दै प्रधानमन्त्री प्रचण्ड थप निरिहता प्रकट गर्छन, 'मन्त्रिपरिषदमा हामीले राम्रोसँग हेर्न पाएकै छैनौं, बजारमा र मिडियामा यो गलत र सही भनेर आउने स्थिति कसरी भयो ?' वनमन्त्रीले 'वन ऐन संशोधन विधेयकमा ओर्जिनल यसरी जाने भनेको जीच आउँदा झन नेगेटिभ भएर आएको बताएको' उल्लेख गर्दै प्रधानमन्त्री प्रचण्डले, थपे, 'हामीले पनि त्यो महसुस गऱ्यौं । यो स्थितिको अन्त्य गर्न जरुरी छ ।'

'कित्ताकाट सम्बन्धी धेरै निर्णय गरिएको तर कार्यान्वयनमा समस्या भएको' उल्लेख गर्दै उनले 'कहाँ गएर अड्किएको छ ?' भनी प्रश्न गरे । कतिपय विषयमा 'मन्त्रिपरिषदले गरेको निर्णय सचिवले कार्यान्वयन गर्न सक्दिनँ' भनेको पनि प्रधानमन्त्री प्रचण्डले स्मरण गरे ।

नेपालले अवलम्बन गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन व्यवस्थामा प्रधानमन्त्री नै सर्वेसर्वा हुन् । तर कार्यकारी प्रमुखबाट निर्णय हुने एउटा र विधेयक आउने अर्कै हुने गरेको अभिव्यक्ति सार्वजनिक हुनु राष्ट्रिय लज्जाको विषय भएको बताउँछन् संघीय संसद सचिवालयका पूर्वमहासचिव सोमबहादुर थापा ।

'आफैंले पेश गरेको विधेयकमा के छ भन्ने थाहा नपाउने मन्त्री राखेर प्रधानमन्त्रीले निरिहता प्रकट गर्नु आफैंमा लज्जाको विषय हो' उनी भन्छन्, 'प्रशासनिक संयन्त्रले यताउती गऱ्यो होला भन्ने हो भने विधि निर्माणमा मन्त्रीको >>> पृष्ठ २ मा

## मन्त्रीहरुसँग प्रधानमन्त्रीको कार्यसम्पादन सम्झौता

प्रधानमन्त्री र संघीय सरकारका मन्त्रीहरूबीच कार्यसम्पादन सम्झौतामा हस्ताक्षर भएको छ ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा आयोजित आर्थिक वर्ष २०७/र८० को वार्षिक कार्यक्रम कार्यान्वयन कार्ययोजनाको समीक्षा तथा आ।व। २०८०/८१ को वार्षिक कार्यक्रम कार्यान्वयन सम्बन्धमा सम्माननीय प्रधानमन्त्री र माननीय विभागीय मन्त्रीहरूबीच हुने कार्यसम्पादन सम्झौता हस्ताक्षर कार्यक्रममा प्रधानमन्त्री र संघीय मन्त्रीहरूबीच कार्यसम्पादन सम्झौता भएको हो ।

कार्यसम्पादन सम्झौता हस्ताक्षर कार्यक्रममा प्रधानमन्त्रीसँग संघीय सरकारका २१ वटा मन्त्रालयका मन्त्रीहरूले आफ्नो मन्त्रालयले गर्ने कामको कार्यसूचिसहित सम्झौतापत्र तयार पारी उक्त सम्झौतापत्रमा हस्ताक्षर गरिएको हो ।

कार्यसम्पादन सम्झौतामा प्रत्येक मन्त्रालयले गरेको कामको अलग अलग कार्यसूचि तयार पारिएको छ । सम्झौतापत्रमा हासिल गर्नुपर्ने नतिजा सूचक राखिएको छ, जसमा नतिजा सूचक, भार, इकाइ, आर्थिक वर्ष २०७९/०८० को समग्र स्थिति र आर्थिक वर्ष २०८०/०८१ को लक्ष्य निर्धारण गरिएको छ ।

त्यसैगरि सम्झौतापत्रमा सम्पादन गर्नुपर्ने प्रमुख कार्यहरू उल्लेख छ, जसमा कार्यक्रम र क्रियाकलापको >>> पृष्ठ २ मा



नक्कली सर्टिफिकेट प्रकरण

सबैले प्रमाणपत्र कीर्ते गरेर डाक्टर बनेको उजुरी परेपछि छानबिनका लागि केही व्यक्तिलाई पक्राउ गरिएको हो । नक्कली सर्टिफिकेट प्रकरणमा पक्राउ परेकाहरुमाथि अनुसन्धान भइरहेको छ ।

**नवराज अधिकारी**
प्रवक्ता, सीआईबी

# सांसद शर्मासहित पाँच डाक्टर पक्राउ

प्रहरीका अनुसार अप्रेशन 'फोक्सट्रोट चार्ली' अन्तर्गत सांसद शर्मासहित पाँच जनालाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा शर्मासहित डा. रामबाबु यादव, डा. एरिना यादव, अमृत चौधरी र डा. रञ्जित कुमार यादव रहेका छन् ।

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले नक्कली सर्टिफिकेटमाथिको छानबिन सुरु गरेको छ । यस छानबिनका क्रममा सीआईबीले बिहीबार एकै दिन पाँच जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा बहालवाला प्रतिनिधिसभा सदस्य डा.शुनिल शर्मा समेत छन् । उनी गत प्रतिनिधिसभा निर्वाचनमा नेपाली कांग्रेसका तर्फबाट मोरङ क्षेत्र नम्बर ३ बाट निर्वाचित सांसद हुन् । सांसद शर्मापछि प्रहरीले नक्कली सर्टिफिकेटको आशंकमा एक महिलासहित थप द्धार जना डाक्टर पक्राउ गरेको हो ।

प्रहरीका अनुसार अप्रेशन 'फोक्सट्रोट चार्ली' अन्तरगत सांसद शर्मासहित पाँच जनालाई पक्राउ गरिएको हो । पक्राउ पर्नेमा शर्मासहित डा. रामबाबु यादव, डा. एरिना यादव, अमृत चौधरी र डा. रञ्जित कुमार यादव रहेका छन् ।

चौधरी त्रिवि शिक्षण अस्पतालका डाक्टर हुन् । सुनिल बाहेकका अन्य पनि विभिन्न अस्पतालमा कार्यरत छन् । शर्मा मेडिकल व्यवसायी हुन् ।

'यस प्रकरणमा पक्राउ परेकाहरुमाथि अनुसन्धान भइरहेको छ । सबैले प्रमाणपत्र कीर्ते गरेर डाक्टर बनेको उजुरी परेपछि छानबिनका लागि केही व्यक्तिलाई पक्राउ गरिएको हो' सीआईबीका प्रवक्ता एसपी नवराज अधिकारीले भनेका छन् ।

## धरापमा सांसद पद

नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी अभियोगमा सांसद सुनील शर्मालाई पक्राउ परेसँगै उनको सांसद पद पनि धरापमा परेको छ ।

उनीमाथि लागेको अभियोग प्रमाणित भएमा सांसद शर्माको सांसद पद जानेछ भने उनले ७ वर्षसम्म कैद सजाय पाउन सक्छन् ।

नेपालको संविधानको धारा १०३ को उपधारा ६ मा फौजदारी कसुरमा कुनै सांसद पक्राउ परेमा पक्राउ पर्ने बित्तिकै त्यससम्बन्धी जानकारी सदनको अध्यक्षता गर्ने व्यक्तिलाई तुरुन्त जानकारी दिनुपर्ने प्रावधान रहेको छ । सोही व्यवस्थाअनुसार सीआईबीले सभामुख देवराज घिमिरेलाई शर्मा पक्राउको सूचना दिइसकेको छ । प्रतिनिधिसभा नियमावली २०७९ को नियम २४८ अनुसार संविधानको धारा १०३ अनुसार कुनै सदस्य पक्राउ परेको सूचना प्राप्त भएपछि सभामुखले त्यसको जानकारी सदनलाई तत्काल दिनुपर्ने प्रावधान रहेको छ ।

सोही नियमको उपनियम ३ मा कानुन >>> पृष्ठ २ मा



काठमाडौं महानगरपालिका १० र बूढानीलकण्ठ नगरपालिका वडा नम्बर ७ को सिमानामा रहेको साततले चोक नजिकैको खोला मिचेर घर बनाएको, सेटब्याक नछोडी खोला मिचेको पाइएकाले त्यो भत्काउन खोजिएको हो । सामाखुसी खोला जसरी नै यो खोला पनि खोल्ने योजना छ ।

**मिनबहादुर थापा**
डिएसपी, महानगर प्रहरी

# कपनमा महानगरको डोजर, स्थानीयको विरोध

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन ।

काठमाडौं महानगरपालिकाले कपन क्षेत्रको खोलामाथि डोजर चलाएपछि विवाद भएको छ । बुढानीलकण्ठ र काठमाडौं महानगरको सीमा क्षेत्रमा पर्ने सात तले कपन क्षेत्रको खोलामाथि राखेको स्ल्याब हटाउन काठमाडौं महानगरले डोजर चलाएपछि विवाद भएको हो । >>> पृष्ठ २ मा

### वैदेशिक रोजगार विशेष

## संघ प्रतिनिधिमण्डल मलेसिया भ्रमणमा

# रोजगारदाताबाट सिधै माग लिने कसरत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले मलेसियामा रहेका रोजगारदाताका विभिन्न पक्षसँग नेपाली कामदारको निष्पक्ष, पारदर्शी एवम् मर्यादित भर्ना प्रक्रियाका बारेमा छलफल शुरु गरेको बताएको छ ।



संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री, तृतीय उपाध्यक्ष रोशन कटुवाल, महासचिव मेघनाथ भुर्तेल, सचिव कर्णराज कटुवाल कार्यसमिति सदस्य राजेन्द्र बस्नेत, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन अध्यक्ष कुमुद खनाल, वैदेशिक रोजगार व्यवसायी प्रगतिशील मञ्च नेपालका महासचिव मिलन कट्टेललगायतका व्यवसायीहरु सहभागी रहेको प्रतिनिधिमण्डलले बुधबारदेखि मलेसियाको भ्रमण गरिरहेको छ । संघको प्रतिनिधिमण्डलले बिहीबार मलेसियास्थित सी लाइसेन्स होल्डर्स एशोसिएसन ( पापस्मा)को आयोजनामा केलाङ शहरमा अन्तरक्रिया गरेको छ । संघका महासचिव भुर्तेलले अन्तरक्रियामा रोजगारदाता कम्पनीसँग नेपालका म्यानपावर कम्पनीहरुको सिधा सम्पर्कमा कामदार पठाइ बिचौलिएको अन्त्य गर्ने, व्यावसायिक तथा मर्यादित भर्नालगायतका विषयमा छलफल भएको जानकारी दिए ।

मलेसियामा बहुराष्ट्रिय लगानीका कम्पनीहरुले मर्यादित प्रक्रियाबाट छनोट भएका विदेशी कामदारमात्रै लिने भएकाले नेपालका म्यानपावर कम्पनीहरुले शून्य लागतमा कामदार पठाउनु पर्ने दबाब बढेको छ । मलेसियासँग >>> पृष्ठ २ मा

## युएईमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES** **शहर: UAE**

**पूर्व स्वीकृत मिति: २०८०/04/२५** **चलानी नं.: ६०२०५५७७** LT. No.: 290613

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने. रु. | | | | | | | |
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**नोट: तलब AED 1200 भएतापनि प्रति दिन १२ घण्टा काम गर्दा ३० दिनको AED 2000 हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

FUTURE STAR MANPOWER PVT. LTD.

श्रम इजाजत नं.: ३९७/०६०/०६१

## फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.

सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोन: ०१-४३६०५७६, ४३५०७१९

Mobile: 9810101810 | 9813916322, Pokhara :- 061-591417 | 591418 | 9826625997,
Birtamode :- 023-543784 | 9816915286 | 9823145954
Email: futurestarmp397@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

२६ साउन २०८०, शुक्रबार
11 August 2023, Friday

# ‘प्रेस स्वतन्त्रतामाथि अंकुश लगाउनु तानाशाही प्रवृत्ति’

**पिन्टु यादव/मध्यान्ह**
सप्तरी, २५ साउन

नेपाल कम्युनिष्ट पार्टी एमालेका पोलिटब्यूरो सदस्य सुमनराज प्याकुरेलले देश तस्करहरुले चलाइरहेको भन्दै दुर्भाग्यपूर्ण परिस्थितिमा पार्टी हातमा दही जमाएर नबस्ने बताएका छन् ।



बिहीबार सप्तरीको राजविराजस्थित जिल्ला समन्वय समितिको हलमा जनसंगठन समन्वय संयन्त्रको बैठकलाई सम्बोधन गर्दै उनले सप्तरीमा समेत तस्कर र विचौलियाको इसारामा प्रहरी प्रशासनले प्रेस स्वतन्त्रतामा अंकुश लगाउन तानाशाही प्रवृत्ति देखाइएको बताए ।

नेपालमा भएको हरेक परिवर्तनकारी आन्दोलनमा पत्रकारहरुको महत्वपूर्ण भूमिका रहेकाले संघीय लोकतान्त्रिक गणतन्त्रमा पत्रकारमाथिको ज्यादती पार्टीले कुनैपनि हालतमा सहन नसक्ने बताए ।

साउन १५ गते मानवअधिकार ज्यादती पीडितको सहायताका लागि जिल्ला प्रहरी कार्यालय सप्तरी पुगेका पत्रकार मनोहर पोखरेलमाथि गरिएको आक्रमण निन्दनीय भएकाले आरोपितहरुविरुद्ध ज्यान मार्ने कसुरमा मुद्दा हाल्नुपर्ने उनले बताए ।

प्याकुरेलले प्रहरी र प्रशासनले जिल्ला प्रशासन कार्यालयमा पत्रकारहरुलाई फोटो, भिडियो खिचेर पत्र-पत्रिकामा हाले कारबाही गर्ने उर्दी गर्नु निरकंशताको पराकाष्ठ भएकाले पार्टी जुनसुकै बेला सडक संघर्षमा उत्रिने चेतावनी दिए । जिल्ला प्रशासन कार्यालयले यस्तो शाही कालिन उर्दी फिर्ता लिई वार्ता र संवादको माध्यमले निकास निकाल्न उनले आग्रह गरे ।

प्रेस जगतमाथि आक्रमण गरी सर्वसाधारण जनताको मुख थुन्न खोज्ने यो सरकार चौतर्फी असफल भइरहेको आरोप लगाउँदै उनले जनताको हितमा अधिकतम काम गर्ने एमालेलाई कमजोर देखाउन देशीविदेशी शक्तिहरु सक्रिय रहेको बताए । एमालेसँग एक्लै भिड्न कुनै पार्टीमा दम नरहेको भन्दै उनले एमालेले मात्रै देशको सार्वभौमिकता, राष्ट्रियता र जनताको जनजीविकाको रक्षा गर्न सक्ने दावी गरे ।

सम्वोधनकै क्रममा उनले वर्तमान सरकारले देशको अर्थतन्त्र उकास्न नसक्ने बताउँदै २०८४ मा जनताले एमालेको बहुमतमा सरकार बनाउन मतदान गर्नुपर्ने अनुरोध गरे ।

बैठकमा मधेश प्रदेशसभामा एमाले संसदीय दलका नेता सरोज कुमार यादव, पार्टी प्रदेश उपाध्यक्ष रेवती पन्त, उप-सचिव आरती भण्डारी, प्रचार विभाग प्रमुख सोम प्रसाद शर्मा, केन्द्रीय सदस्य सरिता गिरि र जिल्ला अध्यक्ष ताराकान्त चौधरीले मन्तव्य राखेका थिए । जिल्ला जनसंगठन समन्वय संयन्त्रका संयोजक दुर्गानन्द ठाकुरको अध्यक्षतामा भएको कार्यक्रमको सहजिकरण भागवत यादवले गरेका थिए । सो अवसरमा जिल्ला कमिटी उपसचिव अखिलेश झाको नेतृत्वमा ७ सदस्यीय प्रचार विभाग समेत गठन गरिएको छ ।

# शिक्षा विधेयक फिर्ता नलिए विद्यालय बन्दको चेतावनी

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २५ साउन

शिक्षा विधेयक फिर्ता नलिए जिल्ला प्याब्सन र एनप्याब्सन उदयपुरले भदौदेखि नीजि विद्यालय अनिश्चितकालिन बन्द गर्ने चेतावनी दिएको छ। बिहीबार जिल्ला प्याव्सन र एनप्याव्सन उदयपुरले आयोजना गरेको कार्यक्रममा संगठनले भदौ २८ गते एक दिन नीजि विद्यालय बन्द गर्ने निर्णय गरेको हो ।



मन्त्रिपरिषबाट नीजि विद्यालय विपरित पारित गरिएको शिक्षा विधेयक फिर्ता लिइनुपर्ने माग राख्दै जिल्ला प्याव्सन र एनप्याव्सन उदयपुरले माग पूरा नभए भदौदेखि अनिश्चितकालिन नीजि विद्यालय बन्द गर्ने घोषणा गरिएको जिल्ला प्याव्सन उदयपुरको अध्यक्ष प्रकाश बस्नेतले बताए । कम्पनीको (नाममा रहेको) विद्यालयलाई सरकारले गुठीको नाममा परिणत गर्नुपर्ने सरकारको विधेयक निर्णयमा नीजि विद्यालय तथा सम्बन्धित संगठन प्याब्सन र एनप्याव्सनले आपत्ति जनाउँदै आएको छ । छात्रवृत्ति व्यवस्थापन, विद्यालय व्यवस्थापन समिति, नीजि शिक्षा समिति र उपसमितिहरुमा आपत्ति रहँदै आएको अध्यक्ष थापाले बताए । नीजि विद्यालयको योगदानलाई सरकारले बिर्सिएर नीजि विद्यालय विपरित ल्याइएको शिक्षा विधेयकले विद्यालय, विद्यार्थी, सरकार सबै पक्षलाई असर पर्ने एनप्याव्सनको अध्यक्ष सुमन चौधरीले बताए । चौधरीले हाम्रो माग पूरा नभए भदौ एक देखि आन्दोलनमा उत्रिने र र सोको क्षतिपूर्ति सरकारले व्यहोर्नुपर्ने बताए ।

# स्याल्तडीमा रोकियो अनुदानको खाद्यान्न

**हुम्ला/मस-**खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको ढुवानी अनुदानको खाद्यान्न सर्केगार्ड गाउँपालिका वडा ६ को स्याल्तडीमा रोकिएको छ ।

खाद्य ढुवानीको जिम्मा पाएको हेलिकोप्टरले ढुवानी गर्न नसक्दा उक्त खाद्यान्न स्याल्तडीमै रोकिनु परेको हो । नेपाल खाद्य व्यवस्थाको हुम्ला शाखाले सुर्खेतबाट उपलब्ध भएको थप खाद्य पैदल मार्गबाट ढुवानी भएर आएको करिब एक हजार आठ सय क्वीन्टलमध्ये एक हजार पाँच सय क्वीन्टल खाद्यान्न स्याल्तडीमा रोकिएको छ । प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले रोकिएको खाद्यान्न ढुवानीबारे प्राधिकरणसँग कुरा राख्दा बेवास्ता गरेको बताए ।

ती मध्ये दुई सय क्वीन्टल खाद्यान्न ढुवानी भएको छ । प्राधिकरणले कुनै सुनुवाइनै नगर्दा खाद्य मात्र नभएर जिल्ला बाहिरबाट आयत हुने हरेक सामग्री ल्याउन समस्या भएको छ ।

नागरिक उडान प्राधिकरणले नयाँ उडान तालिका कार्यान्वयनमा ल्याएपछि सिमकोट विमानस्थलमा रहेको हेलिकोप्टर जिल्ला बाहिरबाट आउने हवाई जहाजले उडान भर्न नपाएपछि खाद्यान्न लागायत हुम्लामा दैनिक भान्सामा चाहिने सामानको पनि ढुवानी हुन सकेको छैन । बिहानभर मौसम बिग्रिने हुनाले हेलिकोप्टर लगायत हवाई यातायातले उडान भर्न नपाउने र १२ बजेपछि मौसमा सुधार आउँदा उडान नहुने हुँदा समस्या भएको हो ।

सिमकोट विमानस्थलमा साढे बाह्र बजेपछि उडान भर्न नपाउने नियमका कारणले जिल्लाभित्रै रहेको खाद्यान्न समेत ढुवानी हुन सकेको छैन ।

स्याल्तडीमा पालले छोपेर राखिएको खाद्यान्न पानीमा भिज्ने सम्भावना पनि उत्तिक्कै देखिएको शाखाले जनाएको छ । हाल शाखाको गोदाममा खाद्यान्न मौज्दात न्यून रहेको खाद्य स्रोतले जनाएको छ । सो खाद्यान्न ढुवानी भइ सकेपछि सर्वसाधारणलाई बिक्री गर्ने कार्यक्रम रहेको थियो, तर अब ढुवानी हुन नपाएपछि बिक्री गर्न नसकिने शाखाले जनाएको छ ।

# प्रमुख आयुक्त राई र भ्रष्टाचारविरोधी संयोजक नेफिउबीच भेट



**काठमाडौं/मस-** अमेरिकी राज्य विभागका विश्वव्यापी भ्रष्टाचारविरोधी संयोजक रिचर्ड नेफिउले अख्तियार दुरुपयोग अनुन्धान आयोगका प्रमुख आयुक्त प्रेम कुमार राईसँग भेट गरेका छन् । नेपाल भ्रमणका क्रममा बिहीबार काठमाडौं आइपुगेका नेफिउले बिहीबार नै प्रमुख आयुक्त राईसँग भेट गरेका हुन् ।

आयोगको कार्यालय टंगालमा भएको शिष्टाचार भेटमा भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी अभियानमा अमेरिका र नेपालबीच हुनसक्ने सहयोग, समन्वय र सहकार्य तथा भ्रष्टाचार सम्बन्धी अन्तर्राष्ट्रिय सूचना आदान-प्रदानका विषयमा छलफल भएको थियो । उक्त अवसरमा प्रमुख आयुक्त राईले आयोगको बारेमा संक्षिप्त जानकारी गराएका प्रवक्ता भोला दाहालले जानकारी दिएका छन् ।

नेपाल भ्रमणका क्रममा नेफिउले सरकारी अधिकारी, राजनीतिक दलका नेता र नागरिक समाजका प्रतिनिधिहरूसँग भेटवार्ता गर्नेछन् । नेफिउ २०२२ जुलाईमा अमेरिकी राज्य विभागको विश्वव्यापी भ्रष्टाचारविरोधी संयोजकमा नियुक्त भएका थिए ।

# लुम्बिनी विकास कोषका उपाध्यक्ष लामाद्वारा पदभार ग्रहण



**लुम्बिनी/मस-**नवनियुक्त लुम्बिनी विकास कोषका कार्यकारी उपाध्यक्ष डा.ल्हारक्याल लामाले बिहीबार आफ्नो पदभार ग्रहण गरेका छन् । लुम्बिनी विकास कोष कार्यालय लुम्बिनीमा पदभार ग्रहण गरेका हुन् । लुम्बीनीस्थित लुम्बिनी विकास कोषका कर्मचारी लगायतले नवनियुक्त उपाध्यक्ष लामाको स्वागत गरेका थिए ।

केही दिन अघि मन्त्रिपरिषद्को बैठकले संविधानसभाको सदस्य समेत रहेका डा.लामालाई कोषको उपाध्यक्षमा नियुक्त गरको थियो ।

यस अघिका उपाध्यक्ष अवदेश त्रिपाठीको सात वर्षे कार्यकाल सकिएपछि रिक्त रहेको उपाध्यक्षमा बौद्ध धर्मका गुरुलाई नियुक्त गरिएको हो । विश्वभरका बुद्धमार्गी तथा सरकारहरु संलग्न रहेको सर्वोच्च संस्था अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनका केन्द्रीय महासचिव समेत रहेका डा.लामालाई पाँच वर्षका लागि नियुक्त गरिएको हो ।

# उन्नत जातका १ सय ५० बिरुवा रोपियो

**राहुल गुप्ता/मध्यान्ह**
वीरगञ्ज, २५ साउन



सामुदायिक प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत वीरगञ्ज महानगरपालिका वडा नम्बर २ छपकैयास्थित ब्रह्कुमारी राज योग सेवा केन्द्र विश्व दर्शन भवन (ओम शान्ति) जाने बाटोमा विभिन्न किसिमका उन्नत जातका बिरुवा रोपिएको छ ।

राष्ट्रपति चूरे तराई मधेश संरक्षण विकास समिति भरतपुर चितवन र ग्रीन सिटी समुदायिक प्रहरी सेवा केन्द्र आदर्श नगर १० वीरगञ्ज पर्साको संयुक्त आयोजनामा र सामुदायिक प्रहरी सेवा केन्द्र छपकैयाको विशेष सहयोगमा बिरुवा रोपिएको हो ।

जिल्ला प्रहरी कार्यालय पर्सा प्रहरी नायव उपरीक्षक दिपक गिरीको प्रमुख आतिथ्य र ग्रीनसिटी सामुदायिक सेवा केन्द्र आदर्श नगर वीरगञ्ज पर्साका अध्यक्ष जय प्रकाश खेतानको अध्यक्षतामा विभिन्न सरकारी गैरसरकारी संघसंस्था, समाजसेवी, नागरिक समाज तथा सञ्चारकर्मी हरुको उपस्थितिमा म्यागोसितिक ८०, बेलपत्र २५ र कलकी ४५ गरी जम्मा १ सय ५० वटा बिरुवाहरु रोपिएको हो ।

वृक्षारोपण कार्यक्रममा वडा प्रहरी कार्यालय बिर्ताका प्र.ना.नी रविन्द्र साह तुरहा, सामुदायिक सेवा केन्द्र छपकैया-२ का प्र.स.नी. इन्दीवर चौधरी, नारायणी अस्पताल वीरगञ्जका डा. अजित साह, मुकेश कुमार शरार्फ, सामुदायिक प्रहरी सेवा केन्द्र छपकैयाका अध्यक्ष हाजी ग्यासुदिन ठकुराई, समाजसेवी किरण अग्रवाल, मञ्जु देवी कदबिया, दीपा शर्मा, बिजय कुमार साह, ग्रीन सिटी समुदायिक सेवा केन्द्र सचिव मुर्ली जलान, रतन टेमानी, सदस्य चन्द्र अग्रवाल, त्रिलोचन दारुका, राकेश अग्रवाल, सुशील कादमिया, ओमशान्तिका ब्रह्म कुमार गोवर्द्धन चौधरी वडा न.२ का पूर्व वडा सदस्य मुस्तफा अन्सारी, प्रहरी हवल्दार प्रेम राम र ग्रीन सिटी समुदायिक प्रहरी सेवा केन्द्र आदर्श नगरका प्रहरी जवान विवेक पाण्डेय लगायतको उपस्थिति रहेको थियो ।

# सांसद साहद्वारा पत्रकारसहित ९ जनाविरुद्ध मुद्दा दायर



**रौतहट/मस-** सांसद प्रभु साहले पत्रकारसहित ९ जनाविरुद्ध मुद्दा दायर गरेका छन् । गौर हत्याकाण्डका योजनाकार सांसद साह रहेको भन्दै ६ दलीय मोर्चाले साउन ९ गते काउन्टर जुलुस निकालेको थियो । सो न्यालीको समापन कार्यक्रममा सम्बोधन गरेका नेता तथा समाचार प्रसारण गरेका पत्रकार मेवालाल यादवमाथि साहले मुद्दा दर्ता गरेका हुन् ।

गौर हत्याकाण्डको यथार्थ जानकारी गराउने उदेश्यले गठन गरिएको सर्वदलीय सर्वपक्षीय संघर्ष समिति रौतहटका सदस्यमाथि रौतहट जिल्ला अदालत गौरमा मुद्दा दायर भएको छ ।

आम जनता पार्टीका केन्द्रीय अध्यक्ष एवम् रौतहट निर्वाचन क्षेत्र नम्बर ३ का प्रतिनिधि सभा सदस्य प्रभु साहले मोर्चाको सदस्यसहित ९ जनामाथि साउन १९ गतेमा गाली बेइज्जती मुदा दर्ता गराएको हुन् ।

२०६३ साल चैत्र ७ गते गौर राइस मिलमा भएको तत्कालीन मधेशी जनअधिकार फोरम नेपाल र नेकपा माओवादीका कार्यकर्ताबीच भएको झडपमा परी मृत्यु भएका २८ जना माओवादी कार्यकर्ताको हत्यामा संलग्न रहेकालाई कानूनी कारबाही गर्न दवाव सृजना गर्ने उदेश्यले साउन १ गते गौर हत्याकाण्ड पीडित संघर्ष समितिले गौरमा प्रदर्शन गर्दै ज्ञापन पत्र बुझाएका थिए ।

प्रभु साहले दिएको गाली बेइज्जती मुद्दामा मोर्चाका संयोजक रहेका पूर्व प्रदेशसभा सदस्य राम किशोर प्रसाद यादव, नेपाली कांग्रेसका जिल्ला सभापति एवं प्रदेश सांसद जीतेन्द्र यादव, पूर्व राज्यमन्त्री योगेन्द्र यादव, जनता समाजवादी पार्टीका जिल्ला अध्यक्ष श्याम बिहारी यादव, रामेश्वर प्रसाद यादव, नेकपा एकीकृत समाजवादीका ब्रिज किशोर यादव, जानकी टेलिभिजन जनकपुरधाम प्रस्तोता साजन यादव र सम्वाददाता नेवालाल यादवलाई विपक्षी बनाइएको छ ।

फिराद पत्रमा विपक्षीहरुले विना आधार प्रमाण आरोप लगाई चरित्र हत्या गर्नुको साथै मान मर्यादामाथि प्रहार गरेकोले हदै सम्मको कानूनी कारबाही गरी क्षतिपूर्ति समेतको माग दावी गरिएको छ ।

# वैदेशिक रोजगार व्यवसायीद्वय काप्रीलाई पितृशोक



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायीद्वय तिला प्रसाद काप्री र मधुसुदन काप्रीलाई पितृशोक परेको छ । राजधानीको ललितपुरस्थित लक्की एचआर सोलुशन प्रा.लि. का सञ्चालक मधुसुदन काप्री र न्यू वर्ल्ड ओभरसिज प्रा.लि.का सञ्चालक तिला काप्रीका पिता शिवप्रसाद काप्रीको बिहीबार बिहान ८० वर्षको उमेरमा निधन भएको हो ।

गण्डकी गाउँपालिका-८, सेउरेनीटार गोर्खा निवासी स्व. काप्रीका श्रीमती, एक छोरी र दुई छोरा छन् । मध्यान्ह दैनिक परिवार स्व. काप्री प्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

# वैदेशिक रोजगार व्यवसायी भुसाललाई मातृशोक



**काठमाडौं/मस-** वैदेशिक रोजगार व्यवसायी भोजराज भुसाललाई मातृशोक परेको छ । नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएशनका पूर्व कार्यसमिति सदस्य तथा बसुन्धरास्थित अलमाइटी इन्टरनेशनल प्रा.लि का सञ्चालक भुसालकी आमा दुर्गादेवीको बिहीबार ७२ वर्षको उमेरमा निधन भएको हो । स्व. भुसालको काठमाडौं टिचिङ हस्पिटलमा निधन भएको हो । स्व.भुसालको पति, एक छोरी र पाँच छोरा छन् ।

मध्यान्ह दैनिक परिवार स्व. भुसालप्रति हार्दिक श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

### कसले...

सहभागिता चाखलाग्दो हुनुपर्छ ।’ उद्घाटमा जाने तर कानुन निर्माणको छलफलमा नजाने प्रवृति त्याग्न र अनेक आशंका गर्न छाडेर मन्त्रिपरिषद सदस्यहरुलाई नै जिम्मेवार बनाउन प्रधानमन्त्री प्रचण्डलाई पूर्वमहासचिव थापाको सुझाव छ । २७ असार २०८० मा राष्ट्रिय सभाको बैठकमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले विद्युतीय व्यापार विधेयक २०८० माथि विचार गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए । विचार गरियो भन्ने प्रस्तावमा विधेयकको सैद्धान्तिक पक्षमा बोल्दै सांसदहरुले विद्युत व्यापार गर्ने सन्दर्भमा धारणा राखेका थिए । मन्त्रीले पनि विद्युत व्यापार गर्ने सन्दर्भमै जवाफ दिएका थिए । यसतर्फ संकेत गर्दै थापाले मन्त्रीहरुलाई जिम्मेवार बनाउन प्रधानमन्त्रीलाई सुझाव दिएका हुन् ।

### मन्त्रीहरूसँग...

सूचि र सो जिम्मेवारी पूरा गर्नुपर्ने समयसीमा उल्लेख गरिएको छ। मन्त्रालयहरूले गर्नुपर्ने प्रमुख कार्यहरूमा नेपाल सरकारको आर्थिक वर्ष २०८०/०८१ को नीति, कार्यक्रम र बजेट, प्रधानमन्त्रीले विभिन्न समयमा प्रतिनिधिसभा र नेपाल सरकारका सचिवहरूलाई गर्नुभएको सम्बोधन, नेपाल सरकारको एकीकृत कार्ययोजना आदि सूचकलाई आधार बनाइएको छ। कार्यसम्पादन सम्झौताको समयावधि १ वर्ष तोकिएको छ ।

### धरापमा...

बमोजिम ३ वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने वा नैतिक पतन देखिने फौजदारी मुद्दामा अभियोग पत्र दायर भई पुर्पक्षको लागि थुनामा रहेमा वा फरार रहेमा निलम्बन गरिने व्यवस्था रहेको छ । यो व्यवस्थाअनुसार सांसद शर्मा निलम्बन हुन सक्नेछन् । यस्तै अभियोग प्रमाणित भएमा उनले फौजदारी कसुर अन्तर्गत लिखत किर्ते सम्बन्धी कसुरमा सजाय पाउन सक्नेछन् ।

### कपनमा...

बुढानीलकण्ठ क्षेत्रमा महानगरले डोजर चलाएपछि स्थानीयले विरोध गरेको मेयर मिठाराम अधिकारीले जानकारी दिए । ‘महानगरले बुढानीलकण्ठ क्षेत्रको सात तलेमा डोजर चलाएपछि विवाद भएको हो । स्थानीयले डोजर चलाउन अवरोध गरेका हुन्’ मेयर अधिकारीले भनेका छन् । स्ल्याब हटाउन गएको महानगरको नगर प्रहरी र स्थानीयबीच सामान्य झडप समेत भएको स्थानीयले बताएका छन् । उक्त क्षेत्रमा सानो पानी पर्दा समेत डुबान हुने गरेको छ । खोलाको तलतर्फ ह्युम पाइप राखिएको छ । जसमा खोला साँघुरिएपछि सानो पानी पर्दासमेत आसपासका बासिन्दा डुबानको समस्या बेहोर्न बाध्य छन् ।

महानगर प्रहरीका डिएसपी मिनबहादुर थापाले काठमाडौं महानगरपालिका १० र बूढानीलकण्ठ नगरपालिका वडा नम्बर ७ को सिमानामा रहेको साततले चोक नजिकैको खोला मिचेर घर बनाएको, सेटब्याक नछोडी खोला मिचेको पाइएकाले त्यो भत्काउन खोजिएको बताए । उनले सामाखुसी खोला जसरी नै यो खोला पनि खोल्ने योजना रहेको बताए ।

थापाले भनेका छन्, ‘काठमाडौं महानगरपालिका १० र बूढानीलकण्ठ नगरपालिका वडा नम्बर ७ को सिमानामा रहेको साततले चोक नजिकैको खोला मिचेर घर बनाएको, सेटब्याक नछोडी खोला मिचेको पाइएकाले त्यो भत्काउन खोजिएको हो । सामाखुसी खोला जसरी नै यो खोला पनि खोल्ने योजना छ ।’

तर बूढानीलकण्ठ नगरपालिका र त्यहाँका स्थानीयबासिन्दाले डोजर चलाउन दिएनन् । वर्षाको समयमा डोजर आतंक गरेको भन्दै उनीहरुले महानगरविरुद्ध नाराबाजी समेत गरेका छन् ।

### रोजगारदाताबाट...

नेपालले गरेको श्रम सम्झौतामा रोजगारीका लागि मलेसिया जाँदा लाग्ने हवाई टिकट, भिसा शुल्क, मेडिकल, बीमा, कल्याणकारी कोष, सामाजिक सुरक्षा कोषलगायत खर्च रोजगारदाताले नै व्यहोर्नुपर्ने प्रावधान छ । बिहीबारको छलफलमा रोजगारदाताहरुले अन्तर्राष्ट्रिय श्रम संगठन आईएलओको गाइडलाइन्सअनुसार कामदारको भर्ना तथा छनोट गर्ने, जुनसुकै नाममा हुने एकाधिकार लागू गर्न नदिने र लागू गर्न खोज्नेहरुकका विरुद्धमा एकताबद्ध भइ प्रतिवाद गर्ने विषयमा सहमति भएको पनि महासचिव भुर्तेलले बताए । नेपाली कामदार, वैदेशिक रोजगार व्यवसायी तथा मलेसियका रोजगारदाताहरुलाई लाभ पुग्ने गरी निकट भविष्यमा मलेसियामा रोजगार मेला (जब फेयर) सञ्चालन गर्ने विषयमा पनि सकारात्मक छलफल भएको पनि महासचिव भुर्तेलले जानकारी दिए ।

संघ प्रतिनिधिमण्डल मलेसिया गएलगत्तै संघलाई छातासंस्था मान्ने केही संस्थाका प्रतिनिधिले सबै घटकसंस्थाहरुसँग हातेमालो गरेर जाने संघको घोषित नीतिविरुद्ध हुने गरी संघको नेतृत्व केही पदाधिकारी लिएर सुटुक्क मलेसिया भ्रम गएको भन्दै नेतृत्वको कार्यशैली ठिक नभएको भन्दै सामाजिक सञ्जालमा आलोचना गरेका छन् ।

संघका महासचिव भुर्तेलले रोजगार गन्तव्य मुलुक भ्रमण गर्ने र जब फेयर गर्ने संघको घोषित नीतिअनुसार नै मलेसिया भ्रमण गरिएको भन्दै भ्रमण समग्र व्यवसायीको हित र मलेसियाको रोजगारीको दीर्घकालीन उपलब्धि हासिल गर्न केन्द्रित रहेको दाबी गरे । मलेसियाका रोजगारदाता तथा श्रमिक आपूर्तिकर्ता नेपाली दूतावासलगायतसँग अन्तरक्रिया गरी सोमबार स्वदेश फर्किने बताइएको छ । मलेसिया नेपाली कामदारको प्रमुख गन्तव्य हो । गत वर्ष मलेसियामा सबैभन्दा धेरै नेपाली कामदार गएका छन् । मलेसियामा गत वर्ष ६ हजार २ सय ७६ जना महिलासहित २ लाख १९ हजार ८२ जना पहिलोपटक म्यानपावर कम्पनीबाट गएका छन् । पुनः श्रम स्वीकृति तथा व्यक्तिगत भिसामा गरी २ लाख ५९ हजार ५ सय ९४ जना मलेसिया गएका छन् ।


## मलेसियामा रोजगार

कम्पनी : PORTCOM SDN.BHD.
शहर : MALAYSIA, Johor

पूर्व स्वीकृत मितिः २०८०/०४/२५ चलानी नं.: ६०२०५९८५ LT. No.: 290832

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने. रु. | | | | | | | |
| 1. | Freight worker | 20 | 0 | स. काममा दक्ष | 1500 | ४३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत नं. ३४८/०५९/०६०

न्यू गोर्खाज इन्टरनेशनल प्रा. लि.
पो.ब.नं ५६४५, धुम्बाराही, काठमाडौं, नेपाल, फोन: ०१-४५४४९२८, ९७४९८७५४४९

### मन्त्री मोदीको प्रशंसनीय निर्णय

# दुर्गममा कार्यरत कर्मचारीको सुगमका कार्यालयमा सरुवा



**काठमाडौं/मस-**संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले दुर्गम क्षेत्रमा कार्य अवधि पूरा गरेका कर्मचारीहरुको रोजेअनुसारका सुगम क्षेत्रका कार्यालयमा सरुवा गरेका छन् ।

सरुवाका लागि सोर्सफोर्स लगाउन नसकेकै कारणले दुर्गम क्षेत्रका कार्यालयमा मात्रै रहिरहनुपर्ने बाध्यतामा रहेका कर्मचारीहरुलाई मन्त्री मोदीले उनीहरुले रोजेअनुसारकै सुगम क्षेत्रका कार्यालयमा सरुवा गर्न थालेका हुन् ।

मन्त्री मोदीले दुर्गम क्षेत्रमा कार्यअवधि पूरा गरेका कर्मचारीहरुबाट सुगम क्षेत्रका कार्यालयसहित रोजेर निवेदन दिन ९ दिनको समय दिएर निवेदन मागेका थिए । त्यस्तै सुगम क्षेत्रमा कार्य अवधि पूरा गरेका कर्मचारीबाट पनि दुर्गम क्षेत्रका कार्यालय रोजेर निवेदन माग गरेका थिए ।

सोही निवेदनअनुसार माग भएको कार्यालयमा पहिलो चरणमा नायब सुब्बाहरुको सरुवा भएको छ । दुर्गमका विभिन्न जिल्लामा वर्षौंदेखि सेवा प्रवाह गरिरहेका कर्मचारीहरुको उनीहरुले मागे अनुसारका कार्यालयमा सरुवा भएको छ ।

जसअनुसार जिल्ला प्रशासन कार्यालय डोटीमा ५ वर्षदेखि कार्यरत नासु तिलक नेपालीको उनले मागे बमोजिम नै खानेपानी मन्त्रालयमा सरुवा भएको छ । त्यस्तै ईलाका प्रशासन कार्यालय पचौडी बैतडीमा ३ वर्षदेखि कार्यरत नासु नन्दराज पन्तको उनले मागेअनुसार भौतिक पुर्वाधार तथा यातायात मन्त्रालयमा सरुवा भएको छ ।

यसैगरी इलाका प्रशासन कार्यालय जोगबुढा डडेल्धुरामा ३ वर्षदेखि कार्यरत नासु लाल बहादुर धामीको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय वा अन्तर्गत, सडक डिभिजन भातकाडा डोटीमा ३ वर्षदेखि कार्यरत नासु सुनिल कुमार रोकायको सहरी विकास मन्त्रालय वा अन्तर्गत्, जिल्ला प्रशासन कार्यालय मनाङमा ३ वर्षदेखि कार्यरत नासु गणेश न्यौपानेको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र जिल्ला निर्वाचन कार्यालय मुगुमा २ वर्षदेखि कार्यरत नासु रत्न बहादुर रावलको श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा अन्तर्गत्को कार्यालयमा मागे अनुसारकै कार्यालयमा सरुवा भएको छ ।

दुर्गम क्षेत्रका विभिन्न कार्यालयमा कार्यरत ४५२ जना कर्मचारीले सुगम क्षेत्रका कार्यालय रोजेर निवेदन दिएका छन् । जसमध्ये उपसचिव २, शाखा अधिकृत १२, नायब सुब्बा ६५, खरिदार ७५ र कम्प्युटर अपरेटर ४९ जना छन् । प्राप्त ४५२ निवेदनमध्ये २१२ जनाको निवेदन मन्त्रालयको कार्यक्षेत्र बाहिरको परेको छ ।

मन्त्रालयले सुगम क्षेत्रका विभिन्न कार्यालयमा वर्षौंदेखि जरा गाडेर बसिरहेका कर्मचारीहरुलाई पनि दुर्गम क्षेत्रका स्थानीय तहमा खटाइरहेका छन् । हालसम्म शाखा अधिकृत र उपसचिव गरी ४८ जनालाई दुर्गम क्षेत्रका विभिन्न स्थानीय तहमा खटाइ सकिएको छ ।

## प्रवास डायरी

तिलु शर्मा पौडेल/मध्यान्ह

### एनसीसी कतारका नवनिर्वाचित पदाधिकारी पुगे दूतावास

## श्रमिक डेस्कदेखि नियोगभित्र हातपातका घटनाबारे छलफल



कतारस्थित नेपाली दूतावाससँग गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारका नवनिर्वाचित पदाधिकारीहरूले भेटघाट गरेका छन् । एनसीसी कतारका अध्यक्ष रमेश भट्टको नेतृत्वमा गएका पदाधिकारीहरूले कतारका लागि नेपाली राजदूत डा. नरेश विक्रम ढकालसँग भेटघाट गरेको हो । भेटका क्रममा एनसीसी कतारका अध्यक्ष भट्टले कार्यसमितिको विवरण र एनसीसीको ११औं संशोधित विधान राजदूत ढकाललाई हस्तान्तरण गरेका थिए । सो क्रममा अध्यक्ष भट्टले पहिलो कार्यसमितिले गरेको निर्णयबारे जानकारी गराउँदै श्रमिक डेस्क सञ्चालनका लागि अनुमति दिन अनुरोध गरेका थिए ।

राजदूत ढकालले नवनिर्वाचित कार्यसमितिलाई बधाई तथा कार्यकाल सफलताको शुभकामना व्यक्त गर्दै एनसीसी कतारसँगको सहकार्यलाई निरन्तरता दिँदै जाने बताए । एनसीसी कतारले पहिलो कार्यसमिति बैठकबाट केही सकारात्मक निर्णय लिएको भन्दै श्रमिक डेस्क सञ्चालनका लागि आवश्यक गृहकार्य गरेर जवाफ दिने बताए ।

उनले महाधिवेशनबाट बनेको आर्थिक छानबिन समिति र बदमास गर्नेहरूप्रति लक्षित गर्दै गलत भएको प्रमाणित भए कतार वा नेपाल जहाँ गएपनि कानूनअनुसार कारबाहीको भागिदार हुनुपर्ने विचार राखेका थिए । एनसीसीको अधिवेशनको क्रममा दूतावासभित्रै भएको घटनाले आफूलाई दुखी बनाएको भन्दै पीडितले न्याय पाउने र दोषी दण्डित हुनुपर्ने कुरामा आफू प्रतिबद्ध रहेको उनको भनाइ थियो । उनले दूतावासभित्रको घटना भएकाले सबै कुरा आफ्नो हातमा नहुने भन्दै नेपाल सरकारबाट आउने निर्णयलाई आफूले लागू गरेर अगाडि बढ्ने बताए ।

राजदूत ढकालले दूतावासको नियमित कामसँगै आफू ४६ वर्षदेखिको दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउन लागेको बताउँदै कतारका अमिर (राजा) को नेपाल भ्रमण, सन् २००५ मा भएको श्रम सम्झौता परिमार्जन, दक्ष नेपाली कामदारलाई अवसर र कतार सरकारबाट देखिने गरी नेपालमा परियोजना लैजान प्राथमिकताका साथ काम गरिरहेको बताए ।

कतारको सरकारी निकायसँगको विभिन्न चरणमा भएका छलफल सकारात्मक रहेको बताउँदै उनले छिट्टै श्रम सम्झौता नवीकरण, कतारका अमिरको नेपाल भ्रमणलगायतका कुरा टुंगिने विश्वास व्यक्त गरे ।

दूतावासका प्रथम सचिव भुवन प्रसाद भट्टसहितको सहभागिता रहेको भेटघाट कार्यक्रमलाई महासचिव रबिन मगरले सहजीकरण गरेका थिए ।

## एनसीसी कतार र मानवअधिकार आयोग समिति कतारले सहकार्य गर्ने



राष्ट्रिय मानवअधिकार आयोग समिति कतारको आयोजनामा श्रमिकको स्वास्थ्य, सुरक्षा र कतारको नयाँ कानून नम्बर १७/२०२१ र २०२३ का बारेमा जानकारी दिने उद्देश्यले आयोजित कार्यक्रम सम्पन्न भएको छ । गत मंगलबार आयोग कतारका महासचिव सुल्तान अल जमालीको प्रमुख उपस्थिति र गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष रमेश भट्टको विशेष उपस्थितिमा निर्माण क्षेत्रमा आवद्ध ३० भन्दा बढी श्रमिकहरूको सहभागितामा उक्त कार्यक्रम समपन्न भएको हो ।

कार्यक्रममा गर्मीयाममा श्रमिकहरूलाई खुला स्थानमा कुनै पनि काम लगाउन नपाइने नियम, श्रमिकले पाउने सेवा, सुविधा, स्वास्थ्य, सुरक्षाबारेमा सचेतनात्मक जानकारी गराइएको थियो । कतारको कानूनअनुसार जुन महिनाको आरम्भदेखि सेप्टेम्बरको अन्तिमसम्म खुला स्थानमा कुनै पनि काम लगाउन नपाइने नियम रहेको छ । कानूनतः यस्तो कार्यलाई निरुत्साहित र दण्डनीय मानिएको छ । कानून विभागकी उच्च अधिकारी हाला अल अलिले प्रस्तुत गरेको कानूनी प्रावधान र महासचिवको शुभकामनालाई राष्ट्रिय मानवअधिकार आयोग कतारमा नेपाली समुदायका परामर्शदाता एवम् प्रतिनिधि प्रोफेसर मोहम्मद रमजान अलि मियाँले नेपाली र हिन्दी भाषामा अनुवाद गरी सहजीकरण गरेका थिए । राष्ट्रिय मानवअधिकार समिति कतारले आगामी १४ अगष्टका दिन औद्योगिक क्षेत्रको एसियन टाउनमा बृहत् जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने र सो कार्यक्रममा नेपालसहित विभिन्न देशका राजदूतहरूलाई समेत निमन्त्रणा गरिएको मियाँले मध्यान्हलाई जानकारी दिए । कार्यक्रममा सहभागी अध्यक्ष भट्टले आयोगको भूमिकाको प्रशंसा गर्दै आगामी दिनहरूमा पनि मिलेर श्रमिकका अधिकार प्राप्तिका लागि सहकार्य गरिने प्रतिबद्धता व्यक्त गरेका थिए ।

## प्रतिष्ठानले आमाहरुलाई दियो स्तनपान शिक्षा



**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, २५ साउन

जुम्लाको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पतालमा स्तनपान शिक्षा शुरु भएको छ । प्रतिष्ठानका नर्सहरूले आमाहरूलाई स्तनपान शिक्षा दिन शुरु गरेका हुन् । नर्सहरूले बच्चालाई दुध चुसाउने तरिका, पौष्टिक आहार खुवाउने तरिका र अन्य विषयमा शिक्षा दिन शुरु गरेका हुन् ।

प्रतिष्ठानका नर्सिङ निर्देशक सबिना थापाले यसपटक स्तनपान सप्ताहका अवसरमा विभिन्न काम गरिएको बताइन् । उनले अगष्ट १ देखि ७ सम्मको अन्तर्राष्ट्रिय स्तनपान सप्ताहमा प्रतिष्ठानका नर्स, डाक्टर, अध्ययनरत विद्यार्थी र सेवाग्राही आमाहरूको सहभागितामा विभिन्न सचेतना कार्यक्रम गरिएको बताइन् ।

अगष्ट १ मा आमाहरूलाई स्तनपान कसरी गराउने भन्ने विषयमा स्वास्थ्य शिक्षा, अगष्ट २ मा फोकस ग्रुप छलफल, अगष्ट ४ मा स्तनपान शिक्षाका विषयमा प्रदर्शनी सचेतना कार्यक्रम गरिएको छ । यस्तै सचेतना कार्यक्रममा आमाहरूलाई दुध पछिसम्म कसरी भण्डारण गरेर खुवाउन सकिन्छ भन्नेसहितका स्वास्थ्य शिक्षाको सचेतना दिइएको छ ।

सचेतना कार्यक्रममा नर्सिङ अफिसर थापा, मिडवाफ्री निर्देशक सविता खड्का, प्रतिष्ठानका नर्स तथा डाक्टरहरूको सहभागिता रहेको थियो । नर्स अधिकृतहरूले आमाहरूलाई दुध कुन तापक्रममा कसरी भण्डारण गर्ने भन्ने विषयमा पनि जानकारी गराएका छन् । अस्पतालमा जाँच गराउन आएका, सुत्केरी र उपचारका लागि आएका आमाहरूलाई सप्ताहका अवसरमा अण्डा, फलफूलसमेत वितरण गरिएको र समापनमा बृहत् र्‍याली गरिने तालिका रहेको प्रतिष्ठानले बताएको छ ।

## चर्किएको भवनभित्र पठनपाठन, जोखिममा विद्यार्थी

**पुर्ण सार्की/मध्यान्ह**
डोल्पा, २५ साउन



हिमाली जिल्ला डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं १ अन्तर्गत पर्ने करेलीकाँडा गाउँमा रहेको लेखनाथ आधारभूत विद्यालयमा विद्यार्थीहरु चर्किएको भवनमा पठनपाठन गर्न बाध्य भएका छन् । विद्यालयमा वाल विकास केन्द्र, कक्षा १ र २ मा अध्ययनरत विद्यार्थीहरु चर्किएर चिराचिरा भएको भवनमा पठनपाठन गर्न बाध्य भएका हुन् ।

कक्षा १ देखि ५ सम्म पठनपाठन हुने यस विद्यालयमा पर्याप्त भवन नहुँदा जीर्ण भवनमा जोखिम भएको थाहा पाउँदापाउँदै पनि विद्यार्थी राख्नु परेको विद्यालयका शिक्षक नवराज थापाले बताए । कूल ८३ जना विद्यार्थी भएको यस विद्यालयमा ४० जनाभन्दा धेरै विद्यार्थीलाई चक्रिएको भवनमा राखेर पढाइँदै आएको छ ।

लामो समयदेखि चर्किएको भवनबाट पठनपाठन गराउँदै आएपनि तीन तहको सरकारबाट भवन निर्माणका लागि कुनै पनि सहयोग नभएको वडा सदस्य झलक बुढाले गुनासो पोखे । भूकम्प, बाढीपहिरोलगायतका प्राकृतिक प्रकोप आएको खण्डमा ठूलो मानविय क्षतिको जोखिम रहेकाले अभिभावकहरु चिन्तामा रहेका छन् ।

करेलीकाँडाका विद्यार्थीहरु निम्नमाध्यामिक र माध्यामिक तहको शिक्षा लिनका लागि दुई घण्टा पैदल हिँडेर त्रिपुराकोट माध्यामिक विद्यालय मद्धु र त्रिपुरा माध्यामिक विद्यालय काटियाचौरमा पुग्ने गर्छन् । अप्ठेरो बाटो, वर्षात, बाढीपहिरोलगायतको जोखिम पार गर्दै निम्न माध्यामिक र माध्यामिक तहको शिक्षा लिन घण्टौं हिँड्नु पर्ने भएकाले कक्षा ६ देखि ८ सम्मको आधारभूत तह कक्षा थप गर्न सम्बन्धित निकायलाई स्थानीयले मागसमेत गरेका छन् ।

भौगोलिक हिसाबमा डाँडामाथि विद्यालय रहेकाले वर्षातको समयमा पहिरोको जोखिम पनि उत्तिकै रहेको छ । साथै गाउँमा नै खानेपानीको समस्या भएकाले विद्यालयमा पनि पानीको समस्या रहेको विद्यालयले जनाएको छ ।

### दुर्घटना न्यूनिकरण गर्न बरहथवा बजारमा जेब्राक्रसिङ

**सर्लाही/मस-** बढ्दो सवारी दुर्घटना न्यूनिकरण गर्न बरहथवा बजारमा जेब्राक्रस निर्माण गरिएको छ । बरहथवा नगरपालिका-७ स्थित रहेको थ्रीकम इन्टरनेशनल अंग्रेजी विद्यालयले ट्राफिक प्रहरीको सहयोगमा बिहीबार दुई स्थानमा जेब्राक्रसिङ निर्माण गरेको हो ।

नयाँरोड-मधुवनी सडकखण्ड अन्तर्गत बरहथवा बजारको गृहशोभा फर्निचर र थ्रीकम इन्टरनेशनल अंग्रेजी विद्यालयको अगाडि गरी दुई स्थानमा जेब्राक्रस निर्माण गरिएको हो । हुलाकी राजमार्गमा बढीजसो हुने दुर्घटनालाई मध्यनजर गर्दै र सवारी साधनहरूको गतिलाई थोरै भएपनि सीमित बनाउन जेब्राक्रस निर्माण गरिएको प्रधानाध्यापक संजिव जैसवालले बताए । बढीजसो यात्रु आवतजावत गर्ने स्थान र विद्यालय भएको ठाउँलाई मध्यनजर गर्दै जेब्राक्रसिङ निर्माणलाई प्राथमिकता दिइएको उनको भनाइ छ ।


### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/२६**

**अल्ट्रा इन्जिनीयरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि.** को मिति २०८०/०४/१५ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **एप्लस कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं.: ११७२०४)** कायम गर्ने गरी मिति २०८०/०४/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कतारमा रोजगार | कम्पनी : SHAQAB ABELA CATERING SERVICES CO. शहर : DOHA

**पूर्व स्वीकृत मितिः २०८०/०४/२५** **चलानी नं.: ६०२०५९८४** L.T. No.: 290814

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरूष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | General Clean Worker | 0 | 40 | स. काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

WAHAA MANPOWERS SUPPLIER
Govt Lic No. 469/060/061
Wahaa Manpowers Supplier Pvt. Ltd.
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
Email:wahaa.nepal@gmail.com/ 9851049622, 9851071299, 9803100224


### गुराँस गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
**रानीमत्ता, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना


**(प्रकाशित मिति : २०८०/०४/२६)**

यस कार्यालयबाट मिति २०८०/०४/१२ मा प्रकाशित क्याटलग विधिबाट एम्बुलेन्स खरिदका लागि आह्वानको सूचना बमोजिम तोकिएको अवधिभित्र रितपूर्वक दर्ता हुन आएका प्रस्तावहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्याङ्कन भई तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्याङ्कनको आधारमा सारभूतरुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम ७ (सात) दिने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

तपसिल

| क्र. सं. | सामग्रीको नाम र ढुवानी स्थल | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता वा फर्मको नाम र ठेगाना | कबोल अंक |
|---|---|---|---|
| 1 | Supply, Delivery of Ambulance (Type B) for Gurans Hospital of Gurans Rural Municipality, Dailekh | Agni Incorporated Pvt. Ltd. Kathmandu, Nepal | ने.रु. २०,१०,०५०।०० |

**प्रमुख प्रशासकिय अधिकृत**

## सम्पादकीय

# एमालेले रोज्नुपर्ने विकल्प

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले उपप्रधान एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठले दिएको जवाफमा समेत चित्त नबुझाएर प्रतिनिधिसभा बैठक अवरोध गरिरहेको छ । प्रतिनिधिसभासँगै राष्ट्रियसभा बैठक समेत चल्न दिएको छैन । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डकै पहलकदमीमा भएको शीर्ष सम्वादमा समेत एमालेले चित्त बुझाएको छैन । गएको २ साउनमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार पार भइसकेको अवस्थामा एक क्विन्टल सुन बरामद भएको विषयलाई लिएर एमालेले संसद चल्न दिएको छैन । सुन बरामद प्रकरणमा उच्च स्तरीय छानबीन समितिको माग राखेर एमालेले संसद अवरोध गरिरहेको छ । सरकार र सत्तारूढ शीर्ष नेताहरूले भने एमालेको माग अनुसार उच्च स्तरीय समिति बनाउन मानिरहेको छैन । सरकारी संयन्त्रहरू नेपाल प्रहरी, सीआईबी, भन्सार लगायतबाटै यो प्रकरणको अनुसन्धान अगाडि बढाइने सरकारको जवाफ छ ।

एमालेले चाहिँ गृहमन्त्री र अर्थमन्त्रीमाथि समेत छानबीन आवश्यक रहेकाले उच्च स्तरीय समिति बन्नुपर्ने तर्क गरिरहेको छ । गृहमन्त्री र अर्थमन्त्रीमाथि समेत छानबीनको माग राखिएकाले सरकार एमालेको मागप्रति सकारात्मक नरहेको बुझ्न गाह्रो पर्दैन । प्रधानमन्त्री र सत्तारूढ नेताहरूले भने एमालेसँग पटकपटक संसद अवरोध हटाउन माग राखिरहेको छ । सत्तारूढको जवाफप्रति लचिलो देखिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) समेत अहिले प्रमुख प्रतिपक्षको अडानप्रति असन्तुष्ट देखिन्छन् । उनीहरू संसद चल्न दिनुपर्ने तर्क गरिरहेका छन् । तर सवैभन्दा ठूलो प्रतिपक्षीको अडानसामू राष्ट्रिय राजनीति अल्झन पुगेको छ । संसद् अवरोध गर्न प्रतिपक्षीले सक्छन्, नजीर र अभ्यास पनि हो ।

तर अहिले एमालेले जसरी र जस्तो एजेण्डा अगाडि सारेर संसद् अवरोध गरिरहेको छ । संभवतः उसैलाई पनि त्यसको पुष्टि गर्न सजिलो छैन । किनकि मुलुकमा अहिले सुन प्रकरण बाहेक अरू पनि थुप्रै समस्या छन् । त्यसबारे सरकारको ध्यानाकर्षण गराउन आवश्यक छ । मंहगी आकाशिएको छ । बाढी, पहिरो र डुबानको समस्या छ । पशुमा लम्की स्किन, किसानलाई आवश्यक सामग्रीदेखि संभावित खाद्य र आर्थिक संकटबारे गम्भीर छलफल आवश्यक छ । तर एमाले भने सवैभन्दा सजिलो विकल्पमा अडिएको छ, जुन एमालेको पर्यायजस्तै बन्न पुगेको छ । किनकि संसद् अवरोधको इतिहासमा संभवतः एमालेलाई अरू दलले जित्न सकेको छैन । तर एमालेले एकपटक संसद् अवरोध भइरहँदा जनताको आवाज मुखरित हुन नसकेको तथ्य बिर्सनु हुँदैन । आफ्नो अडानबारे एकपटक पुनर्विचार गर्न आवश्यक छ ।

# गरिबी नघट्नुको कारण

अग्रलेख



● गम्भीरबहादुर हाडा

गरिबी भन्ने शब्दको साधारण अर्थ नै निर्धनता हो । गरिबी शब्दले आर्थिक, सामाजिक, राजनैतिक, मानसिक आदि क्षेत्रहरूमा आ-आफ्नै प्रकारको अर्थ जाहेर गर्दछ । जस्तै : आर्थिकरूपमा गरीब भन्नाले साधन स्रोत र आर्थिक हैसियत कमजोर रहेको अर्थ लाग्दछ । सामाजिकरूपमा गरीब भन्नाले पुरातन, रुढिग्रस्त तथा समाजलाई पछाडि धकेल्न मद्दत गर्ने भन्ने अर्थ लागिरहेको हुन्छ । राजनैतिकरूपमा गरीब शब्दले राजनैतिक संस्कारहीन, समयानुकूल किसिमले चल्न नसक्ने प्रकारको अर्थ लाग्दछ । त्यसैगरी मानसिकरूपमा मात्र साधनहीन व्यक्तिलाई हामी मानसिक गरीब भन्दछौं । अर्थात् गरीब भन्नाले कमजोर, दुर्बल, पछाडि परेको, अनेकौं पुरातन संस्कारहरूद्वारा ग्रस्त व्यक्ति इंगित भइरहेको हुन्छ । गरिबी शब्दले गरीबको विशेषता अथवा प्रतिबिम्ब प्रस्तुत गर्ने हुँदा गरीब भन्नाले व्यक्ति र गरिबी भन्नाले निजका विशेषताहरू बुझ्नुपर्दछ । आर्थिक गरिबीले अन्य सम्पूर्ण क्षेत्रको गरिबी निम्त्याउने हुँदा गरिबीलाई आर्थिक क्षेत्रमा नै सीमित राख्न पनि सकिन्छ । अर्कोतिर धनी शब्दले गरीबको ठीक विपरीत अर्थ जाहेर गर्दछ । धनी र गरीब शब्दहरूको चयन व्यक्ति व्यक्तिदेखि बृहत् बन्दै अन्तर्राष्ट्रिय स्तरसम्म पुगिरहेको हुन्छ ।

अपर्याप्त आम्दानी, कुपोषण, सामाजिक सेवाहरू उपलब्ध नहुनु तथा सामाजिक तथा राजनैतिक स्तर नहुनु जस्ता पक्षले गरिबीको व्यापिकता हुन्छ। विश्व बैंकले गरिबी पहिचान गर्न दुई परिसूचकहरू समावेश गरेको छ जसमा पहिलो- न्यूनतम स्तरको परिसूचक हो, जसमा उपभोगमा आधारित गरिबी रेखा रहेको छ यसमा पनि दुई तत्व हुन्छन् । न्यूनतमस्तरको पोषण तथा अन्य आधारभूत आवश्यकता खरिद गर्न आवश्यक खर्च र अन्य आवश्यकताहरू पूरा गर्न अतिरिक्त रकम । यो परिसूचक देशभित्र मात्र सम्बन्धित हुन्छ । दोस्रो- यो परिसूचक जीवनस्तरसँग सम्बन्धित छ । स्वास्थ्य, जीवन-प्रत्यासा, साक्षरता, सार्वजनिक वस्तुहरूको उपलब्धता यसमा पर्छन् । यस परिसूचकमा विभिन्न देशहरूका बीचमा तुलना गर्न सकिन्छ ।

विश्वव्यापीरूपमा गरिबी रेखा २७५-३७० अमेरिकी डलर प्रतिव्यक्ति आय प्रतिवर्ष मानिएको छ । अर्थात् अति गरीबको गरिबी रेखा २७५ अमेरिकी डलरप्रति वर्षप्रति व्यक्ति आय हो भने गरीबको ३७० अमेरिकी डलर प्रतिवर्ष प्रतिव्यक्ति आय हो । सामान्यतयाः गाँस, वाँस, र कपास आवश्यक मात्रामा उपलब्ध नहुने र त्यसभन्दा माथि बिरामी भएका वखत औषधोपचार गर्न र बालबालिकालाई पढाउन, लेखाउन नसक्ने अवस्थासम्मका विषम परिस्थितिलाई गरिबीको संज्ञा दिइएको छ । विश्वमा मानव सभ्यताको विकाससँगसँगै गरिबी पनि जन्म्यो र हुर्क्यो । आदिम युगमा सबै मानिस गरिबीले आक्रान्त थिए । तर, मानिसले प्रकृतिमाथि विजय पाउन थालेपछि गरिबीको मात्रा कम हुँदै आएको छ । यसो भएतापनी नेपाल जस्तो अविकसित मुलुकमा भने गरिबी एक जीवनचर्या जस्तै हुन पुगेको छ । एउटा गरीब मानिस गरिबीमै जन्मन्छ, हुर्कन्छ र त्यसमै मर्दछ तर, गरिबी भने कहिल्यै मर्दैन । जे-जस्तो नाम दिए तापनी विश्वमा हुने धेरै विकास कार्यक्रमहरू गरिबी र पछौटेपनविरुद्ध लक्षित भएका छन् ।

गरिबीको स्थिति एकीन गर्न र नेपालको जीवनस्तर मापन गर्न सन् १९९५/९६ मा नेपाल जीवनस्तर सर्वेक्षणले दैनिक न्यूनतम औसत २१२४ क्यालोरी खाद्य पदार्थ आवश्यक पर्ने अनुमान गरी सोको मूल्य र अरु गैह्रखाद्य मूल्य आवश्यकता परिपूर्ति गर्न समेतका लागि न्यूनतम प्रतिव्यक्ति आय रु. ४४०४।- प्रतिवर्ष हुनुपर्ने निर्क्योल निकालेको थियो । सो आधारमा हेर्दा ४२ प्रतिशत जनसंख्या गरिबीको रेखामुनी जीवन बिताइरहेको अनुमान उक्त सर्वेक्षणले गरेको थियो । आय तथा सम्पत्तिको वितरणलाई व्यक्तिगत वितरण तथा कार्यमूलक वितरण गरी दुई भागमा विभाजन गर्न सकिन्छ । आयको व्यक्तिगत वितरण मानिसको आम्दानीको असमान वितरणमा कुन तत्वको भूमिका छ भन्ने कुरासँग सम्बन्धित छ भने कार्यमूलक वितरण उत्पादनका साधनहरू -भूमि, श्रम, पूँजी, संगठन- उत्पादन प्रकृयामा समावेश भए वापत प्राप्त गर्ने आयसँग सम्बन्धित छ । यी उत्पादनका साधनहरूले उत्पादन प्रकृयामा लाग्दा क्रमशः लगानी, ज्याला, ब्याजदर र नाफा प्राप्त गर्दछन् । उत्पादन कार्यमा यी उत्पादनका साधनहरूको योगदान फरक फरक प्रकारले हुँदा यिनीहरूको आम्दानी पनि फरक-फरक हुन्छ । यसकारण कार्यमूलक वितरणले आम्दानीको असमान वितरणलाई बढावा दिन्छ ।



> सन् १९९० मा करिब ४९ प्रतिशत गरिब रहेकोमा हाल लगभग ३० दशकको प्रयासपश्चात १८.७ प्रतिशतमा झरेको छ । यो अत्यन्त धिमा गति हो । यसलाई तीव्र गतिमा निवारण गर्न विभिन्न प्रयासहरु भएता पनि आशातित सफलता प्राप्त भएको देखिन्न । आन्तरिक कमजोरीका साथै, पछिल्लो समय देखिएको कोभिड प्रकोप, युक्रेन युद्धले बढाएको महँगी तथा जलवायु परिवर्तनको प्रभाव पनि यसमा जोडिएका छन् ।

नेपालमा विद्यमान गरिबीलाई राम्ररी बुझ्न जातिप्रथा तथा छुवाछुत र भेदभावमा आधारित आर्थिक एवम् सामाजिक वर्गीकरणहरुलाई केलाउनुपर्ने हुन्छ । सामाजिकरूपले बाहिर परेका-पारिएका महिला, जनजातिका समूहहरु, आदिवासी समुदाय र दलितहरु छन् । औसत नेपालीको गरिबीभन्दा यी समूहका नेपालीको गरिबी अझ गहिरो छ र दलितको त कहालीलाग्दो । दलितमा पनि दलित महिलाको जीवन भोगाइ अझ भयावह, उनीहरु जेण्डर विभेद र जातीय भेदभाव दुवैको शिकार रहेका छन् । छुवाछुतमा आधारित भेदभाव ग्रामीण अर्थतन्त्रको अनौपचारिक क्षेत्रमा मात्र व्याप्त होइन, शहरी अर्थतन्त्रको औपचारिक क्षेत्रको रोजगारीमा पनि दलितहरुको उपस्थितिलाई निर्मम ढंगले छेक्दै आएको छ । गरिबीको गाउँमुखी चरित्रले गरिबीलाई कृषि केन्द्रित र भूमिहीनतासँग पनि गतिलैसँग गाँसेको छ । गाउँमा रोजगारी भूमि आधारित भएकाले छ लाख ३४ हजार ८२३ भूमिहीन गाउँले परिवारहरु गरिबीको तल्लो समूहमा छन् । सिंगो नेपालमा २४.४ प्रतिशत घरधूरी भूमिहीन भए पनि शहरी भूमिहीनहरुका हकमा अन्य रोजगारीका अवसरहरु पनि रहेकाले गाउँका गरीबको समस्या बढी जटिल छ । त्यसैले शहरमा गरिबीको संरचनामा केही हेरफेर र प्रगति स्वाभाविक भए पनि गाउँमा गरिबीले गहिरो जरा गाडेको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण तेस्रो २०६६/६७ अनुसार नेपालमा गरिबीको रेखामुनि करिब ६६ लाख जनसंख्या रहेको छ । केन्द्रीय तथ्यांक विभागले हालै सार्वजनिक गरेको दुई प्रतिवेदनले सो औँल्याएको हो । ११ औं राष्ट्रिय जनगणनाको प्रारम्भिक नतिजाले नेपालको कुल जनसङ्ख्या दुई करोड ६६लाख देखाएको छ । जसअनुसार गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २५ दशमलव दुई प्रतिशत हुने अनुमान गरेको छ । यसअघिका पहिलो (२०५२/५३) र दोस्रो (२०६०/६१) सर्वेक्षणले नेपालमा क्रमशः झन्डै ४२ र ३१ प्रतिशत नेपाली गरिबीको रेखामुनि रहेको देखाएको थियो । परिवारको आकारको बृद्धिसँगै गरिबीको दरमा पनि बृद्धि भएको छ । महिला परिवारमूली भएको घरपरिवारको गरिबी तुलनात्मक रूपमा कम रहेको छ । परिवारमूलीको शैक्षिक स्तर बढ्दा गरिबी घट्नै गएको छ । कृषि क्षेत्रको ज्यालादारीमा लागेका परिवारमूली भएका घरपरिवारहरु अन्य क्षेत्रको ज्यालादरमा लागेका परिवारमूली भएका परिवारहरुको तुलनामा बढी गरीब देखिएको छ । हाल धनी र गरीबबीचको उपभोगमा गरेको खर्च असमानता घट्दै गएको छ ।

कृषि क्षेत्र अल्पकालीन समयमा नै उत्पादनशीलताका साथ श्रमशक्ति ग्रहण गर्न सबैभन्दा ठूलो क्षमता राख्ने क्षेत्र भएकोले यसलाई सघन र विविधिकरण गर्न सिँचाई, नगदेबालीको विकास, कृषि वन जस्ता कृषि कार्यक्रमहरूमा सरकारले जोड दिन आवश्यक छ । उच्च गुणस्तर हासिल गरेका व्यक्तिहरूलाई बढी आकर्षण गराउन तलब, भत्ता र अरू सुविधाहरू बढाउनु पर्ने, विदेशमा काम गर्नको लागि छुट्टै ऐन नियमको व्यवस्था हुनुपर्ने, ग्रामीण क्षेत्रमा बढी विकास गर्ने आदि उपयुक्त कदमहरू चालिएमा प्रतिभा पलायनको समस्या केही हदसम्म हटाउन सकिन्छ । सार्कलाई गतिशिल र व्यावहारिक बनाउने हो भने सार्क अन्तर्गत व्यवस्थापिकाको पनि व्यवस्था हुनु सान्दर्भिक देखिन्छ । सार्क संसदको संस्थागत विकास हुनुको लागि प्रारम्भिक चरणमा जनसङ्ख्या तथा सम्बन्धित देशको सार्कप्रतिको अनुदानसमेतलाई विचार गरिएमा राम्रो हुनेछ । सार्कलाई प्रभावकारी बनाउन सार्क रेल्वेको विकास हुनु सान्दर्भिक देखिन्छ । पाकिस्तान, भारत तथा वंगलादेशमा रेल्वे विकास क्षेत्रमा ठूलो उपलब्धि भैसकेको यो विकासको उपलब्धिलाई अन्य देशहरूका हितका लागि पनि प्रयोग हुनु आवश्यक छ ।

प्रकाशित विभिन्न तथ्यांकअनुसार नेपालमा सन् १९९० मा नेपालमा करिब ४९ प्रतिशत गरीब रहेकोमा हाल लगभग ३० दशकको प्रयास पश्चात् सो १८.७ प्रतिशतमा झरेको छ । यो अत्यन्त धिमा गति हो । यसलाई तीव्र गतिमा निवारण गर्न विभिन्न प्रयासहरु भएता पनि आशातीत सफलता नसकिएको यथार्थ हाम्रा सामु छ । आन्तरिक कमजोरीका साथै केही समय अघि देखिएको कोभिडको प्रकोप, युद्धका कारण भएको महङ्गी तथा जलवायु परिवर्तनको प्रभाव प्रमुख बाधक रहेका छन् ।

नेपालको संविधानले सबै लिङ्ग र समुदायभित्रका आर्थिकरूपले विपन्न व्यक्तिलाई प्राथमिकतामा राखी सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्न गरिबी निवारण तथा रोजगार लक्षित कार्यक्रम सञ्चालन गर्न मार्गदर्शन गरेको छ । सरकारी तथा निजी स्तरबाट सञ्चालित कार्यक्रमबाट निरक्षेप गरिबीको रेखामुनी रहेको जनसंख्या घट्दै गएको छ । जनसाङ्ख्यिक लाभको अवसर विद्यमान रहे पनि आन्तरिक रोजगारीका पर्याप्त अवसर उपलब्ध नहुँदा उचित अवसरको खोजीमा युवाशक्ति वैदेशिक रोजगारमा जाने प्रवृद्धि बढ्ने छ । साथै, जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र महामारीका कारण आवधिक योजनाले लिएको गरिबी न्यूनीकरणको लक्ष्य हासिल गर्ने कार्य चुनौतीपूर्ण रहेको छ । गरिबीको अवस्थामा रहेका वर्गको वास्तविक विवरण तयार गरी गरिबी र आय असमानता न्यूनीकरण गर्न गरीब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण जस्ता विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । आर्थिक वर्ष २०७५/७६ को अन्त्यसम्ममा निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या १८.७ प्रतिशत रहेकोमा हालसम्म यस्तो जनसंख्या १५.१ प्रतिशत रहेको अनुमान छ । साथै, बहुआयामिक गरिबीमा रहेको जनसंख्या १७.४ प्रतिशत रहेको छ ।

**(हाडा, भक्तपुर बहुमुखी क्याम्पसका सह–प्राध्यापक हुन् ।)**

## सामाजिक सञ्जाल



**- सौगात कंशकार**

हाम्रा नेताहरुले पनि भूराजनीतिबाट उद्योग व्यापारलाई अलग्याउन जान्नु पर्‍यो । चीन-अमेरिकाबीच ताइवान एक ठूलो समस्या भए पनि विश्वको सबैभन्दा ठूलो कम्प्युटर चीप कम्पनी ताइवानको टिएमएससीले जापान, अमेरिका र जर्मनमा पाँच वटा कारखाना खोल्ने भएको छ र यस मामिलामा चीनले पनि खासै विरोध गरेको छैन ।



**- तारानाथ दाहाल**

नेपालमा शक्तिशाली संवैधानिक आयोगहरु त प्रभावकारी भएका छैनन् भने संसदीय समिति वा अस्थायी आयोगहरु त झन देखाउने दाँत जस्तो मात्रै हो । यो देश हुकुमबाट वा कार्यकारी शक्तिको निर्देशनबाट मात्र चल्छ । यहाँ संरचनाहरुले स्वतः काम नै गर्दैनन् । अख्तियारभन्दा प्रहरी पत्यारिलो देखियो !



**- निर्मल प्रसाइँ**

ललिता निवास किर्ते प्रकरणमा तीन सय जनाभन्दा बढी व्यक्तिमाथि छानबिन गर्न सर्वोच्चले आदेश दिएको थियो, अहिलेसम्म अनुसन्धान २० जनामा अड्किएको छ । केहीलाई जग्गा फिर्ता गर्ने शर्तमा उन्मुक्ति दिइयो, कुनै दिन हत्या आरोपीलाई चक्कु फिर्ता गरे अभियोग नलाग्ने डरलाग्दो सम्भावनायुक्त शैलीमा ।



**- डा. राजु अधिकारी**

काठमाडौंका एसी जडित बन्द कोठामा 'नेपाल कति बन्यो र कति बिग्रियो ?' भन्ने बहस चलेको धेरै भयो । सिद्धान्त र तथ्यांकमा आधारित ति बहस लेखेर, पढेर समय बर्बाद गर्नुभन्दा एक पटक काठमाडौंबाट बुटवलसम्म सार्वजनिक सवारी साधनमा सडक यात्रा गर्ने हो भने आफ्नै आँखा अगाडि सबै छर्लङ्ग हुन्छ ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | लापरवाहीले गर्दा अशान्ति र रुकावटको योग छ । |
| वृष | : | व्यवसायमा सामान्य प्रगति हुनेछ । सन्तुलित आहार लिनुपर्छ । |
| मिथुन | : | सामाजिक प्रभाव बढ्नेछ । दैनिक आम्दानी राम्रो हुनेछ । |
| कर्कट | : | नयाँ काम सफल हुनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह | : | आत्मबल बढ्दै जानेछ । आयको नौलो स्रोत बन्नेछ । |
| कन्या | : | अनावश्यक विवाद हुने योग छ । बढी व्यस्तता रहनेछ । |
| तुला | : | आकस्मिक धनलाभको योग छ । प्रियजनसँग भेट हुनेछ । |
| वृश्चिक | : | साथीभाईबीच सम्बन्ध राम्रो भई रहनेछ । बाहिरी सहयोग प्राप्त हुनेछ । |
| धनु | : | जनसम्पर्क बढ्ने योग छ । पराक्रममा वृद्धिको योग छ । |
| मकर | : | सबै कार्यहरुमा सावधानी राख्नुपर्छ । प्रसन्नतामा वृद्धि हुनेछ । |
| कुम्भ | : | अनावश्यक कामना गर्नु हुँदैन । विवादको योग छ । |
| मीन | : | स्वास्थ्य राम्रो रहनेछ । पारिवारिक सहयोगमा वृद्धि हुनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# व्यवस्थाप्रति नागरिकका सवाल

विचार



● मेघराज भट्टराई

> आज राज्यका कुनै पनि अङ्ग काम लाग्ने अवस्थामा छैनन् । न्यायालय प्रधानन्यायधीश बिनाको छ, अस्पतालमा राज्यको उपस्थिति छैन, विद्यालयमा सरकारको लगानी छैन, बजार लथालिङ्ग छ, उपस्थिति हुनु पर्ने कुनै क्षेत्रमा जनताले राज्यलाई भेट्न सक्दैन । देख्छ त केवल दस्तुर बुझाउने ठाउँमा । आज किसान, मजदुर र सामान्य नागरिक मर्नुको कुनै हिसाब छैन ।

किसानले उत्पादन गरेको कृषि उपज किन राज्यले सिधै खरिद गर्दैन ? उखुको मूल्य सरकारले तोक्छ तर किन आफूले तोकेको मूल्यमा उखु किनेर किसानलाई सहयोग गर्दैन ? उखु जस्तै धानको मूल्य हरेक वर्ष तोकिएको हुन्छ तर स्वयम् सरकारी निकाय नै खरिद गर्न बिचौलियासँग जान्छ । किसानलाई वास्ता गर्दैन । खसी बोकाको मूल्य, कुखुराको मासुको मूल्य, दुधको मूल्य सरकारले तोक्दैन । सरकारले मूल्य तोकेर बजार व्यवस्थापन नगरुन्जेल आत्मनिर्भर उत्पादन हुने छैन । तर यहाँ समाजवाद उन्मुख भनेर संविधानमा त लेखिएको छ तर काम चाहीँ सरकारले नै दलाली गरेर बिचौलियासँग कमिसन खाने नीति निर्धारण गरेको छ ।

आज किसानले ऋण लिएर गाईभैंसी फर्म चलाएको छ । त्यसको लागि जमिनमा भौतिक संरचना निर्माण गरेको छ । गाईभैंसी किनेको छ, दाना, भुस, पराल किनेको छ । गाईभैंसी बिरामी हुन्छन्, तर उपचार गर्न नपाउँदा गाईभैंसीं मर्ने अवस्था छ । एकातिर उत्पादन गर्न जटिल छ भने अर्कोतिर उत्पादन गरेपछि बजारको सुनिश्चितता छैन । एक लिटर दुध किसानले कति मूल्यमा बिक्री गरेको हुन्छ ? त्यही दुध उपभोक्ताले कतिमा किनेको हुन्छ ?

एक जनाले एउटा सटर भाडामा ल्यायो, एउटा डिप फ्रीज राख्यो, एउटा मोटरसाईकल किन्यो, दुध गाउँबाट बजार पुर्‍यायो, उसको लगानी यही हो । १० वटा गाई किन्न कम्तिमा १० लाख लगायो, भौतिक पुर्वाधारमा १० लाख लगायो, जमिनको भाडा, आफ्नो ज्याला अब किसानको बचत हेरौं र बिचौलियाको बचत हेरौं । किसान बैंकको ब्याजसम्म तिर्न नसकेर छट्पट्याइरहेको छ भने बिचौलिया छोरा नातीलाई पुग्ने सम्पत्ति जोड्न सफल छ । आज नेपालको अवस्था यही हो ।

कुखुरा पालक किसानको रुवाबासी भएको छ । जब-जब किसान फाइदामा चल्न थाल्छ, त्यहाँ अनेक रोग भित्र्याएर कुखुरा खाल्टोमा गाढ्न बाध्य पारिन्छ । जब उसको उत्पादन घट्न थाल्छ, माफियाले बजार मूल्य बढाई दिन्छन् र जनतालाई महँगीको मारमा राख्छन् । हिजो आज टमाटरको मूल्य २०० माथि भएको छ तर, त्यही टमाटर दुई महिना पहिले पाँच रूपैयाँ किलो पनि बिक्री हुन नसकेर सडकमा फालेको त हाम्रै अगाडि हो । किन सरकारले चिस्यान केन्द्र खोल्दैन ? किन स्थिर मूल्य राख्न सक्दैन ? यो वर्षायाममा टमाटरको खेती गर्ने कति नै हुन्छन् र किसान ? साना किसानले वर्षायाममा ठूलो लगानी गर्ने हैसियत नै हुँदैन, अहिले महँगो मूल्यमा बेच्ने भनेको सिमित व्यक्ती मात्र हुन ।

आज जनावरमा महामारीको रूपमा फैलिएको लम्पी स्कीन भन्ने रोगबाट खर्बौंको क्षती भएको छ । पशु मरेर मात्र क्षती भएको छैन, बाँचेका गाईभैंसीले दुध नदिने, दुध घटाउने कुरा देशभरी भयावह भएको देखिन्छ । तर सरकारले ति किसानको पीडामा मलम लगाउने काम त गरेन नै ऋण समयमा तिरेन भनेर लिलामसम्म गर्न लागेको खबर बाहिर आएका छन् । यो व्यवस्थामा आखिर कसको भलो भएको छ ?

किसानलाई निःशुल्क जमिन उपलब्ध गराउने, मल बीऊ, औषधी उपलब्ध गराउने र उत्पादिन वस्तुको बजार व्यवस्थापना गर्ने जिम्मा राज्यको होइन र ? किन जनताले कर तिर्ने मात्रै हो ? यो राज्य सत्ता सर्वसाधारण नागरिकलाई भ्रमित पार्न खुब सिपालु छ । भ्रष्टाचार गर्ने मुख्य व्यक्तिसँग आफ्नो सत्ता टिकाउन मोलतोल गर्छ, अनि उसको नोकरलाई जेल हाल्छ । यो व्यवस्थाकै देन हो कि आज मुलुक नै युवाबिहीन बन्दैछ । अबको २० वर्षपछि यहाँ स्कुल कलेज पढ्ने बालबालिका नै हुँदैनन् भन्ने तथ्य बाहिर आएको छ । जो स्कुलमा पठन पाठन गरिरहेका छन्, उनीहरु पढ्नको लागि भनेर +२ पछि विदेश पलायन हुनेछन् । उनका छोरा छोरी उतै जन्मिन्छन्, उतै पढ्छन् । यहीरूपमा अघि बढेर जाने हो भने त्यो दिन नजिकिँदै छ भनेर भन्न नसकिने अवस्था पनि हुँदैन ।

आज राज्यका कुनै पनि अङ्ग काम लाग्ने अवस्थामा छैनन् । न्यायालय प्रधानन्यायधिश बिनाको छ, अस्पतालमा राज्यको उपस्थिति छैन, विद्यालयमा सरकारको लगानी छैन, बजार लथालिङ्ग छ, उपस्थिति हुनु पर्ने कुनै क्षेत्रमा जनताले राज्यलाई भेट्न सक्दैन । देख्छ त केवल दस्तुर बुझाउने ठाउँमा । आज किसान, मजदुर र सामान्य नागरिक मर्नुको कुनै हिसाब छैन ।

आज सरकार ठूला माफिया तस्करहरुलाई सलुट ठोकेर छोड्छ, सर्वसाधारणलाई अनेक कानुनी दाउपेजमा दुःख दिन्छ । हावामा कर छ, पानीमा कर छ, अरु त के मुर्दाको लासमाथि पनि कर छ । यसैको माथि राज्य सत्ता टिकेको छ । स्वास्थ्य केन्द्रभित्र भ्रस्टाचार छ, शिक्षाभित्र लुट छ । यहाँका उखु किसानलाई पलायन गराएर विदेशबाट चिनि आयात गरिन्छ । मल बीऊ निजीलाई दिइन्छ, अनि समाजवाद उन्मुख अर्थतन्त्र भनेर जनतालाई ठगिन्छ । गाँस, बास र कपासको सुनिश्चितता खोज्ने हो भने यो व्यवस्थाको विकल्पमा जुट्नु अनिवार्य छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# अख्तियारद्वारा २५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बिहीबार २५ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ। अख्तियारले उच्च मूल्य कृषि वस्तु विकास आयोजना सुर्खेतका तत्कालीन आयोजना प्रमुख तथा कर्णाली प्रदेश, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका तत्कालीन सचिव राजेन्द्र प्रसाद भारीसहित १६ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।



सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको आरोपमा अख्तियारले भारीसहित तत्कालीन सव-इन्जिनियर गणेश भण्डारी, तत्कालीन वरिष्ठ कृषि अर्थ विज्ञ हरि प्रसाद पण्डित र लेखा अधिकृत हरि बहादुर थापा, तत्कालीन नि.निर्देशक भक्तिराम शर्मा, योजना शाखाका प्राविधिक सहायक (कृषि अधिकृत) गुरू प्रसाद अधिकारी र लेखा अधिकृत उत्तम कुमार बस्नेत, उच्च मूल्य कृषि वस्तु विकास आयोजना सुर्खेतका तत्कालीन लेखा अधिकृत खिमलाल वली, तत्कालीन कृषि अधिकृत सुरेश कुमार थापा र सहलेखापाल उषा ठाडा, तत्कालीन सबइन्जिनियर सुवर्ण राज भारती, कर्णाली कोल्ड चेन लजिस्टिक प्रा.लि. सुर्खेतको सञ्चालक समितिका तत्कालीन अध्यक्ष प्रकाश अधिकारी, हालका अध्यक्ष कलाधर उपाध्याय, सदस्य लक्ष्मण कडेल र प्रवल शाही र तत्कालीन इन्जिनियर महेश शर्माविरुद्ध बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो।

सुर्खेतको वीरेन्द्रनगर औद्योगिक क्षेत्रभित्र शीत भण्डार निर्माण कार्यमा विषय विज्ञद्वारा प्रमाणित नगरिएको शीत भण्डारको खेस्रा डिजाइन तथा नक्साको आधारमा लागत अनुमान तयार गरी, खेस्रा नक्सासमेतको विपरीत हुने गरी निर्माण कार्य गरी/गराई र नभए/नगरेको निर्माण कार्यलाई भए/गरेको भनी नापी किताबमा सहीछापसमेत गरी तथा गुणस्तरहीन कार्यलाई गुणस्तरको कार्य भनी प्रमाणित गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कर्णाली प्रदेश तथा उच्च मूल्य कृषि वस्तु विकास आयोजना सुर्खेतबाट कर्णाली कोल्डचेन लजिस्टिक प्रा.लि. सुर्खेतलाई ९२ लाख ४३ हजार २ सय ९८ रुपैयाँ भुक्तानी गरी उनीहरुले भ्रष्टाचार गरेको अख्तियारको दाबी छ। यस्तै अख्तियारले साझा भण्डार सहकारी संस्था लिमिटेडका तत्कालीन अध्यक्ष जयकुमार खड्का, सञ्चालक समितिका सदस्यहरुसहित ९ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ।

अख्तियारले सार्वजनिक सम्पत्ति हानिनोक्सानी पुऱ्याइ भ्रष्टाचार गरेको आरोपमा खड्कासहित सञ्चालक समितिका तत्कालीन सदस्यहरू आत्माराम राजवंशी, सुवर्ण मानन्धर, लक्ष्मण थापा, भोला प्रसाद न्यौपाने, योगेन्द्रनाथ कर्माचार्य र सदस्य सचिव तथा महाप्रवन्धक अमर थापा, दैलेखकव नारायण नगरपालिका वडा नं. १ स्थायी ठेगाना भइ हाल काठमाडौंको टोखा नगरपालिका ३, बाँसबारी बस्ने गीताकुमारी शाही र बाँकेको कोहलपुर नगरपालिका वडा नं. ११ बस्ने सुरोज गिरीविरुद्ध बिहीबार विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको हो।

उनीहरुले साझा भण्डार सहकारी लि.को नाममा रहेको सुर्खेत उपत्यका नगर विकास समितिको गुरुयोजनाको प्लानिङ नक्सामा व्यावसायिक क्षेत्र भनी तोकिएको साविक कटकुवा गा.वि.स. वडा नं. ९, हाल वीरेन्द्रनगर नगरपालिका वडा नं. ८ को क्षेत्रफल ०-२-० को जग्गा तथा साझा भण्डार सहकारी लि.को नाममा रहेको बाँकेको कोहलपुर गा.वि.स. वडा नं. ३(क) को क्षेत्रफल ०-२-१७ को जग्गा साझा भण्डार सहकारी संस्था लि.ले विना आधार र कारण हचुवाको भरमा अत्यन्त कम मूल्यमा बिक्री गर्ने निर्णय गरी व्यक्ति विशेषलाई बिक्री गरी संस्थालाई ४ करोड ४ लाख २४ हजार १ सय ८१ रुपैयाँ २० पैसा हानिनोक्सानी पुऱ्याएको र व्यक्तिलाई फाइदा गराएको अख्तियारको दाबी छ।

# सिरहामा मिटरब्याजी महिला पक्राउ



**सिरहा/मस-** सिरहामा मिटरब्याजको धन्दा चलाएको आरोपमा एक महिला पक्राउ परेकी छन्। मिर्चैया नगरपालिका-६ की ३५ वर्षीया सुजाता साह पक्राउ परेकी हुन्। उनलाई बुधबार साँझ पक्राउ गरिएको सिरहा प्रहरीले जनाएको छ।

ममतादेवी रायले प्रहरीमा दर्ता गराएको अनुचित लेनदेनसम्बन्धी मुद्दामा अदालतबाट पक्राउ अनुमति लिएर साहलाई पक्राउ गरिएको सिरहाका प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्बुले जानकारी दिए। उनीमाथि थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ।

साहमाथि प्रहरी र जिल्ला प्रशासन कार्यालयमा गरी दर्जनौं उजुरी परेको छ। मिर्चैया क्षेत्रमा उनी लामो समयदेखि मिटरब्याज धन्दा चलाउँदै आएकी थिइन्। कानून विपरीत ब्याजमा लगानी गर्ने र कतिपय व्यक्तिले ऋण चुक्ता गर्दा पनि कपाली नदिने, हिसाब पनि गलत ढंगले गर्ने गरेको उनीमाथि पीडितहरूले आरोप लगाएका छन्।

## Mangsebung Rural Municipality
## Office of Rural Municipal Executive
**Ibhang, Ilam**

## Invitation for Bids

**Date of publication: 11-August, 2023**

1. Bid Information

| | |
|---|---|
| **Date of Publication** | 11 Aug. 2023 |
| **Name of the contract** | Upgradation of Bi Pi Marga |
| **Bidding procedure** | National Competitive Bidding (E-Bidding) |
| **Contract Identification No.** | MRM/NCB/WORKS/2080/081-02 |
| **Estimated Amount** | NRs. 1,23,38,532.88 (Excluding Provisional sum, Contingencies and VAT) |

2. Eligible Bidders i.e. Nepali Nationality may obtain further information by visiting PPMO website: www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bid electronically and deposit the cost of bidding document in the below mentioned account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidders at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank is also shown below.

| | |
|---|---|
| **Name of the Bank:** | Citizens Bank International Ltd. |
| **Office Account no. for bid document** | 0690100000001202 (GA-1.1ANTARIK RAJASWA KHATA) |
| **Bid Document Amount** | 3000.00 |
| **Office Account no. for bid Security** | 0690100000029201 (GA-3.1ISTHANIYA TAHA DHARAUTI KHATA) |
| **Bid Security Amount** | 4,00,000.0 |

4. Electronic bids must be submitted to the office of Mangsebung Rural Municipal Executive through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 P.M.. Bids received after the deadline will be rejected.
5. The deadline and opening of bids will be as per schedule mentioned Below:

| Deadline for the Bid Submission | Bid Opening Date | Venue |
|---|---|---|
| 10 September 2023 Before 12:00 PM | 10 September 2023 At 1:00 PM | Mangsebung Rural Municipal Executive, Ibhang, Ilam |

6. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and/or submission falls on a government holiday, next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Provisions of Public Procurement Act, 2063 and Regulation, 2064 will be followed apart from the above listed points.

**Chief Administrative Officer**

# लालबकैया र बागमती नदीको बाढीले गौर जलमग्न

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २५ साउन



अविरल वर्षाका कारण विभिन्न नदीहरुमा आएको बाढीका कारण रौतहटको सदरमुकाम गौर जलमग्न भएको छ। बागमती तथा लालबकैया नदीमा आएको बाढी गौरमा पसेपछि जलमग्न भएको हो।

लालबकैया नदीमा आएको बाढीले गौर-चन्द्रनिगाहपुर सडकखण्डको सबगढा डाइभर्सनमा पानीको बहाव तीव्र भएपछि आवतजावतमा समेत अवरोध भएको छ। नदीमा आएको बाढी गौर बजारभित्र पस्न थालेपछि स्थानीय त्रसित भएका छन्।

रत ड्याम हुँदै बकैयाको पानी गौर पसेको सशस्त्र प्रहरी सिमा सुरक्षा गुल्म गौरका डीएसपी सूर्य तिमल्सिनाले बताए। नेपाल-भारत दशगजा ड्यामको पानी बागमतीमा नगए गौरको दशगजा क्षेत्र डुबानमा पर्ने छ। बकैयाको पानी सीमा क्षेत्रमा प्रवेश गरेपछि सशस्त्र प्रहरीको गौर दशगजामा रहेको गुल्म सार्ने तयारी भएको छ।

भारतले बनाएको ड्यामका कारण पानीको निकास नहुँदा हरेक वर्षायाममा गौरको सीमा क्षेत्र डुबानमा पर्ने गरेको नेकपा एमालेका केन्द्रीय सदस्य तथा स्थानीय अजयकुमार गुप्ताले बताए। बागमती तथा झाँझ खोलामा आएको बाढीले दुर्गा भगवती गाउँपालिकाको बडहर्वास्थित प्रहरी चौकी डुबानमा पर्नुका साथै भलोहिया, पिपरा बडहर्वा, पचरुखी लगायतका क्षेत्रमा बाढीले हजारौं बिघा धान खेती डुबानमा परेको गाउँपालिका अध्यक्ष शम्भु सिंहले बताए।

बागमती, लालबकैया तथा झाँझ खोलामा पानीको सतह वृद्धि भएसँगै तटीय क्षेत्रका बासिन्दा त्रसित छन्। पानीस्तरसँगै आउने बाढीबाट उत्पन्न हुने सम्भावित खतराबाट जोगाउन एवम् समस्यामा परेका व्यक्तिको उद्धारका लागि सुरक्षाकर्मी तयारी अवस्थामा रहेको जिल्ला दैवी प्रकोप उद्धार समितिका अध्यक्ष एवम् प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्रले बताए। बाढीबाट गौर, ईशनाथ, राजपुर, परोहा, राजदेवी नगरपालिकाका साथै दुर्गा भगवती गाउँपालिका जोखिममा रहेकाले पालिकालाई पूर्वतयारी गर्न समितिले आग्रह गरेको छ।

## भगवानपुर गाउँपालिका
## गाँउ कार्यपालिकाको कार्यालय
**भगवानपुर, सिरहा, मधेश प्रदेश, नेपाल**

### लम्पी स्किन सम्बन्धी जनहितमा जारी सन्देश

- यो एक प्रकारको भाइरस (पक्स समूहको काप्रीपक्स भाइरस)बाट गाईभैंसीमा लाग्ने रोग हो। यो रोग भैंसीहरुमा भन्दा गाईहरुमा बढी देखिन्छ।
- पहिला अफ्रिकामा सीमित यो रोग सन् २०१२ पछि मध्य पूर्व, दक्षिण युरोप, रसिया, काजकिस्तान हुँदै बंगलादेश र भारतमा पनि केही महिना अगाडि देखा परेको थियो।
- अहिले नेपालको मोरङ, झापालगायतका पूर्वी क्षेत्रमा यो रोगको लक्षण देखिइ सयौं गाईहरु बिरामी परेको र केही मरेको जानकारी आइरहेको हुँदा सतर्कता अपनाऔं।

**मुख्य लक्षणहरु:**

- कचेरा निकाल्ने, सिंगान बग्ने तथा फिंज धेरै निकाल्ने
- शरीरका विभिन्न भागहरुमा विशेष गरी घाँटी, पछाडिको खुट्टाहरुमा, पेट र थुन वरिपरि सानादेखि ठूला गिर्खाहरु देखिने
- उच्च (१०४ फरेनहाइट वा माथि) ज्वरो आउने
- दुध उत्पादन २५-८०% सम्म घट्न सक्ने
- गर्भ तुहिने तथा बाँझोपना देखिन सक्ने

**रोग सर्ने मुख्य कारणहरु**

- लामखुट्टे, झिंगा, किर्ना आदिको टोकाईबाट
- संक्रमित गाईभैंसीको ओसार पसार र लसपसबाट
- संक्रमित गाईभैंसी र स्वस्थ गाईभैंसीलाई उपचारको क्रममा एउटै सुई प्रयोग गरेमा

**उपचार तथा रोकथाम**

- प्राविधिकको सल्लाहमा लक्षण अनुसारको उपचार।
- खोप (नेपालमा हालसम्म उपलब्ध छैन।)
- संकमित क्षेत्रबाट गाईभैंसीको ओसारपसार नियन्त्रण।
- लामखुट्टे, भिंगा, किर्ना आदिको नियन्त्रण र गोठ वरिपरिको वातावरण सफा राख्ने।



## कुवेतमा रोजगार
**Company : THE RUNWAY LADIES BEAUTY SALON COMPANY**
**City : KUWAIT**

पूर्व स्वीकृत मिति: २०७९/०३/२४ चलानी नं.: ६०१८३००५ LT. No.: 266713 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 1 | सम्बन्धित कामामा दक्ष | 130 | ५५,८७८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Hairdresser | 0 | 3 | | 180 | ७७,३६९ | | | | | | | |
| 3. | Manicure Pedicure | 0 | 6 | | 180 | ७७,३६९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ०१-४५६९३७२ ०१-४५६१०७७ मो. ९८२३३५१५४५, ९८४९१७०६०२

## युएईमा रोजगार
**कम्पनी: AMINCO SECURITY SERVICES**
**शहर: UAE**

पुर्व स्वीकृत मिति: २०८०/०४/२५ चलानी नं.: ६०२०५९८२ L.T. No.: 290775

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

★ कम्तीमा SLC पास साथै English भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ।
★ उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ५ ईन्च भन्दा माथि हुनुपर्नेछ।
★ Civil, Ex-Army, Police मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरूलाई विशेष ग्राह्यता दिइनेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**QATAR INTERNATIONAL MANPOWER PVT. LTD.** 2022
Gov. Lic. No. 1578/079/80
Tokha-05, Basundhara, Kathmandu
Ph. No.: 01-5914971
Mobile : 9851349039
E-mail: info@qim.com.np

## कतार र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी: **SHRISTI CONTRACTING AND HOSPITALITY** शहर: **DOHA**
पूर्व स्वीकृत मिति: २०८०/०४/२५ चलानी नं.: ६०२०५९७९ LT. No.: 290749

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Worker | 8 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Driver | 2 | 0 | | 1400 | ५०,८२० | | | | | | | |
| 3. | General Clean Worker | 0 | 2 | | 1000 | ३६,३०० | | | | | | | |
| 4. | Labour | 5 | 0 | | 1000 | ३६,३०० | | | | | | | |
| 5. | Plaster Worker | 5 | 0 | | 1200 | ४३,५६० | | | | | | | |
| 6. | Representative | 0 | 2 | | 2200 | ७९,८६० | | | | | | | |
| 7. | Secretary | 0 | 2 | | 2100 | ७६,२३० | | | | | | | |

२. कम्पनी : **AMINCO SECURITY SERVICES** शहर : **UAE, DUBAI**
पूर्व स्वीकृत मिति: २०८०/०४/२५ चलानी नं.: ६०२०५९८१ LT. No.: 290774

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1200 | ४३,२०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158
Branch offices:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051

# हुम्लाको विकासमा हातेमालो गर्नुपर्नेमा जोड



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २५ साउन

नेपाली कांग्रेसका नेता तथा पूर्व केन्द्रीय सदस्य आनन्द बिष्टले हुम्लाको विकासमा हातेमालो गर्ने बताएका छन् । कांग्रेसको आन्तरिक विशेष अभियानअन्तर्गत हुम्लामा बिहीबार आयोजित पत्रकार सम्मेलनमा नेता बिष्टले हुम्लाको विकास र पार्टीलाई बलियो बनाउन र हरेक समस्या, दुःख केन्द्रदेखि प्रदेशसँग राख्ने बताए। केन्द्रीय प्रतिनिधिको रूपमा जिल्ला आएका बिष्टले हुम्लाको समस्या समाधानका लागि पहल गर्ने पनि बताए ।

पत्रकार सम्मेलनमा प्रेस युनियन हुम्लाका अध्यक्ष राज शाहीले हुम्ला जस्तो विकट जिल्लामा आएर गाउँ घरका जनताका आवज बुलन्द उठाउन जोड सुझाव दिए ।

प्रेस चौतारी हुम्लाका अध्यक्ष नन्द सिंहले जनताले हरेक कुरामा दुःख पाउँदै आएको भन्दै विकास नभएका र विकासको पर्खाइमा बस्दै आएका नागरिकको कुरालाई केन्द्र हुँदै प्रदेशसम्म लैजानुपर्ने बताए । नेपाल पत्रकार महासंघ जिल्ला अध्यक्ष राजन रावतले राष्ट्रिय सडक नजोडिएको एक मात्र हिमाली जिल्ला हुम्लाको वास्तविक दुःख कति छ ?, भनेर सदरमुकाम बसेका नागरिकबाट बुझ्नुभन्दा पनि गाउँ घरका नागरिकलाई बुझ्दा सबै छलङ्ग हुने बताए । समाजवादी प्रेस संगठनका अध्यक्ष मिमसिंह परियारले नियमित उडान नहुनु, जिल्लामा आवश्यक सामग्री नपाउनु, पाएपनि दोब्बर शुल्क तिर्नुपर्ने हुम्लीबासीले कहिलेसम्म भोक्नु पर्ने हो ?, यसमा केन्द्र, प्रदेशमा दबाब दिनुपर्ने बताए । कांग्रेस कर्णाली प्रदेश कार्यसमिति सदस्य कर्ण रावलले स्थानीय सरकारबाट नागरिकलाई कसरी सहयोग हुन्छ सोही अनुसार आफुले काम गरेको र भविष्यमा पनि यसरी नै काम गर्ने बताए ।

नेपाली कांग्रेस जिल्ला सभापति एवम् अदानचुली गाउँपालिकाका अध्यक्ष मोहन सिंहले विकासमा पार्टी नहेरी हुम्लाको विकासमा सधैं लागि पर्ने बताए ।

## सर्लाही डायरी
**लक्ष्मण यादव/मध्यान्ह**

### सर्लाहीमा एक युवकको हत्या, टाउको मात्रै फेला

सर्लाहीमा शरीरबाट अलग गरिएको अवस्थामा एक युवकको टाउको फेला परेको छ। पूर्वपश्चिम राजमार्गअन्तर्गत हरिवन नगरपालिका-४ स्थित लखन्देही खोलाको पुलमुनि बिहीबार बिहान शरीरबिनाको टाउको मात्र फेला परेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता डीएसपी दीपेन्द्र पञ्जियार थारुले मध्यान्हलाई जानकारी दिए ।

अन्दाजी २५-२६ वर्षका युवकको हत्या भएको प्रहरीले जनाएको छ। पुलमुनिको खेलामा टाउको मात्र देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । खोलामा फेला परेको टाउलाई पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा पठाइएको प्रहरीले जनाएको छ ।

युवकको हत्या सोही ठाउँमा भएको हो वा अन्यत्र हत्या गरेर टाउको मात्रै फालिएको हो भन्ने विषयमा अनुसन्धानप भइरहेको डीएसपी पञ्जियारले बताए ।

### भत्किएको बाँध कस्ने काम शुरु

सर्लाहीको कौडेना गाउँपालिका-७ शिवनगरमा लखनदेही नदीको बाढीले भत्काएको बाँध कस्ने काम शुरु भएको छ । गाउँपालिकाले बाँध निर्माणका लागि ठेक्का लगाएर काम अघि बढाएको कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमार यादव (बब्लु)ले जानकारी दिए ।

लखनदेही नदीमा सोमबार रातिको भारी वर्षाका कारण आएको बाढीले बाँध भत्काएको थियो । बाढीले शिवनगरमा सयौं बिगाहामा लगाइएको धानखेतीमा क्षति पुऱ्याएको थियो भने ५० भन्दा बढी घर जोखिममा परेका थिए ।

तत्कालै बाँध कस्ने काम नगरे बस्ती जोखिममा पर्ने खतरा भएपछि अस्थायीरुपमा बाँस गाडेर बाँध कस्न लागिएको अध्यक्ष यादवले बताए । बाँध कस्न बुधबार नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले पनि सहयोग गरेको थियो ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८०/०४/२६

**दमक फार्मेसी एण्ड क्लिनिक सेन्टर प्रा.लि.** को मिति २०७९/०४/१८ गते सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **दमक फार्मेसी प्रा.लि. (प्रा.लि. नं.: ५३५६४)** कायम गर्ने गरी मिति २०८०/०४/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको
सूचना
प्रकाशित मितिः २०८०/०४/२६

ठेगाना परिवर्तन सम्बन्धी सूचना

यस विभागबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **प्रेष्टिज एच.आर सोलुसन प्रा.लि.** (ई.प.नं. ११७३)को साविक **काठमाडौं जिल्ला का.म.न.पा. नं. ०९ मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी काठमाडौं जिल्ला का.म.न.पा. नं. ०४** मा कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त यस Sky of the World Manpower Pvt.Ltd. (श्रम ईजाजत पत्र नं. १०३९/०७३/०७४) मा कार्यरत कर्मचारी स्थायी घर विजौरी ०३, दाङ्गलाई मिति २०८०/०४/२५ गतेबाट यस कार्यालयबाट हटाईएको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज व्यक्तिसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्वारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | पद | नागरिकता नम्बर |
|---|---|---|---|
| १. | रवि सार्की | PRO | ५५२/३१८० |

श्रम ई. पत्र नं. १०३९/०७३/०७४
Sky Of The World Manpower Pvt. Ltd.
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 4588231
E-mail : skymanpower1039@gmail.com, info@skymanpower.com,
Web.www.skymanpower.com

कुवेतमा रोजगार | १. कम्पनीः ALMUTAMED DELIVERY CO FOR CONSUMER ORDERS
शहरः KUWAIT

पूर्व स्वीकृत मितिः२०८०/०४/२४ चलानी नं.: ६०२०५९५४ LT. No.: 290630

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 13 | 0 | स. काममा दक्ष | 140 | ६०,१२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८० भदौ १ गते गते ( 18 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं.: ३७७/०५९/०६०
हेभन ओभरसिज प्रा. लि.
पोष्ट बक्स नं: ९९२४, पिंगलास्थान, गौशला, काठमाडौं, फोन: ४११३६४४, ४११३७७८, फ्याक्स: ४११३७७८
E-mail : heaven@wlink.com.np, Web:www.heavenoverseas.com

यूएईमा रोजगार | कम्पनी : CITIZEN BUILDING CLEANING SERVICES LLC
शहरः UAE

पुर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६३४८ LT. No.: 281410 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 50 | 46 | स. काममा दक्ष | 900 | ३२,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Golden Achivers International Pvt.Ltd.
Basundhara Chauki Kathmandu, Tel: 01-5914478
Mobile: 9808752412, 9818591086, 9803552057, 9818261234
9741714518, 9818455280, 9803846905, 9803115527, 9823433034.
Itahari: 025590084, 9829305374, 9829331666, 9808147314, 9819371852
Email: info@goldenach.com, web:www.goldenach.com
श्रम इजाजत पत्र नं.: १५२२/०७८/०७९

मलेसियामा रोजगार | कम्पनी : KARISMA CERGAS M SDN BHD
शहर : Malaysia, Selangor

पूर्व स्वीकृती मितिः २०८०/०१/३१ चलानी नं.: ६०२०१४१५ LT. No.: 285932 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 6 | 0 | स. काममा दक्ष | 1500 | ४३,३८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा २०८० भदौ १ गते (18 August 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

